मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६    भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

★ वर्ष : २७ ★ अङ्क : ३११ ★ ने. सं. ११४६ थिंला थ्व, नवमी ★ शनिबार ★ १३ मङ्सिर, २०८२ ★ November 29, 2025, Saturday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८



**Teachers Wanted**

| S.No. | Position | Level | No. | Time | Qualification |
|---|---|---|---|---|---|
| 1. | Grade Teacher | Pre Primary | 2 | Full Timer | B.A./B.Ed. or Running |
| 2. | Math | Primary | 1 | Full Timer | B.A./B.Ed. or Running |
| 3. | Accountant | | 1 | 09:00-05:30 | BBS or Running |
| 4. | Opt. Math | Secondary | 1 | 10:00-11:30 | Ma/Msc |
| 5. | आया दिदी | | 1 | Full Timer | सामान्य लेखपढ |

Experienced & dedicated teachers are encouraged to apply Self-handwritten application within 21 Mangsir -2082

(Salary : No bar for deserving Candidates)

**For Details:**

**Sacred Heart Academy**

Suryavinayak, (Gapali)-4, Bkt
Contact No. 01-6615772/9841432048,
sacredheartacademy73@gmail.com


# राजनीति देश र जनताको सेवामा केन्द्रित हुनु जरुरी




भक्तपुर, १२ मङ्सिर । भक्तपुर नगरपालिका वडा नं. १० को आयोजनामा शुक्रबार नगरपालिकाबाट प्रवाहित सेवा र समसामयिक विषयमा क्वाठण्डौंमा जानकारी सभा सम्पन्न भयो ।

सभामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले समाजवादउन्मुख काममा जोड दिँदै जनतासँग हातेमालो गर्दै अगाडि बढाइरहेको बताउनुभयो ।

"पुर्खाले सिर्जेको सम्पत्ति संरक्षण गर्न मौलिक सीप नयाँ पुस्तालाई पुस्तान्तरण गर्दै सम्पदा पुन:निर्माण तथा जीर्णोद्धार कार्य नगरवासीकै सहयोगमा नगरपालिकाले अगाडि बढाउँदै आएको छ", प्रमुख प्रजापतिले भन्नुभयो ।

नगरपालिकाका गतिविधिहरूलाई विभिन्न सञ्चारमाध्यममार्फत पारदर्शी गर्दै आएको स्पष्ट पार्दै उहाँले नेमकिपाको निर्वाचन घोषणापत्रअनुसार भनपाका जनप्रतिनिधिले जनताको सेवा गर्दै आएको बताउनुभयो । अग्रजको योगदानलाई नगरपालिकाले सधैँ सम्मान गर्नेछ, उहाँले भन्नुभयो ।

सिद्धान्त र व्यवहारबिच सामीप्यता नगरी फरक ढङ्गले काम गर्ने राजनीतिक पार्टीहरूको अस्तित्व बिस्तारै हराउँदै जाने धारणा प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "युवाहरूलाई स्वरोजगार बनाउन नगरपालिकाले हेयर कटिङ, सिलाइ, पाक शिक्षा, टेलिभिजनसम्बन्धी क्षमता अभिवृद्धि तालिमहरू सञ्चालन गरिरहेको छ; हातमा सीप भएका व्यक्तिहरू कहिल्यै बेरोजगार हुनुपर्ने छैनन् ।"

नगरपालिकाले कुहिने र नकुहिने फोहोर अलग अलग सङ्कलन गरी कुहिने फोहोरबाट मल उत्पादन गरी जनतालाई सहुलियत दरमा वितरण गर्दै आएको जानकारी दिँदै प्रमुख प्रजापतिले सार्वजनिक र पर्ती जग्गा ओगटेर बनाइएका संरचनाहरू ढिलो चाँडो सरकारकै स्वामित्वमा आउने बताउनुभयो ।

राजनीतिलाई खेलाँचीको विषय बनाउनुहुँदैन; राजनीति देश र जनताको सेवामा केन्द्रित हुनु जरुरी छ, उहाँले भन्नुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाले वडाको विकास निर्माण गतिविधिबारे अवगत गराउँदै भक्तपुर नपा वडा नं. १० धेरै जनसङ्ख्या र ठुलो क्षेत्रफल ओगटेको वडा भएको बताउनुभयो ।

उहाँले वडामा धेरै पाटीहरू रहेको र ती पाटी पुन:निर्माणमा जोड दिँदै आएको उल्लेख गर्दै नपाले पर्ति जग्गा संरक्षणमा पनि आवश्यक पहल गर्दै आइरहेको बताउनुभयो ।

नेमकिपा १० वडाका इन्चार्ज लक्ष्मीप्रसाद चवालले युवाहरूलाई विदेसिनबाट रोक्न सकेन भने देशमा ठुलो सङ्कट निम्तिने आशङ्का व्यक्त गर्दै युवाहरूलाई राजनीतिक रूपमा सङ्गठित पार्नु आजको आवश्यकता हो भन्नुभयो ।

नेक्राकिसङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गङ्गाराम ज्याख्वले नेमकिपाका अग्रजहरूले गरेको सङ्घर्षको फल आज भक्तपुरवासीले उपभोग गरिरहेको छ भन्दै नेमकिपाले किसानहरूको हकहितमा गरेको विभिन्न आन्दोलनको परिणाम आज भक्तपुरका किसानहरू सबै क्षेत्रमा अगाडि बढिरहेको बताउनुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले ख्वप अस्पतालको सेवा प्रवाह र आगामी योजनाहरूबारे स्पष्ट पार्दै ख्वप अस्पताल जनताको अस्पतालको रूपमा अगाडि बढिरहेको बताउनुभयो ।

सभामा वडा सदस्य कृष्णनारायण दुमरू र जितेन्द्र मुनंकर्मीले पनि बोल्नुभएको थियो ।

# भेनेजुयलामाथि स्थल कारबाही शीघ्र सुरू हुने ट्रम्पको घोषणा




पाम बीच (अमेरिका), १२ मङ्सिर (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'भेनेजुयलाबाट हुने लागुऔषध तस्करी रोक्ने आफ्नो अभियान' अन्तर्गत 'भूमिबाट' प्रत्यक्ष कारबाही चाँडै सुरू हुने घोषणा गरेपछि भेनेजुयलासँगको कूटनीतिक तनाव अझै बढेको छ । भेनेजुयाली सरकारले अमेरिकाको यो कारबाहीलाई 'शासन परिवर्तनको उद्देश्य भएको भन्दै विरोध र निन्दा गर्दै आएको छ ।

थ्याङ्कसगिभिङ होलिडेको अवसरमा तैनाथ अमेरिकी सैनिकहरूसँग गरिएको भिडियो सम्बोधनमा राष्ट्रपति ट्रम्पले 'साउदर्न स्पियर' नामक लागुऔषध विरोधी अभियानमा संलग्न अमेरिकी बलको प्रशंसा गर्दै पछिल्ला हप्तामा भेनेजुयलाका तस्करहरूलाई रोक्ने कारवाही तीव्र रहेको उल्लेख गरे । यद्यपि उनले कुन कारबाहीलाई स्पष्ट रूपमा जनाएका हुन् भन्ने स्पष्ट खुलाएनन् ।

अमेरिकी सेनाले हालै क्यारिबियन र पूर्वी प्रशान्त क्षेत्रमा लागुऔषध तस्करीमा लागेको भन्दै अन्तर्राष्ट्रिय जलक्षेत्रमा गुड्ने डुङ्गाहरूमा हवाई आक्रमण गरी कम्तीमा ८३ जनाको मृत्यु भएको तथ्याङ्क सार्वजनिक भएको छ । यससँगै अमेरिकाले बी-५२ र बी-१बी बमवर्षक विमानहरू भेनेजुयलाको तट नजिक उडाउनुका साथै हवाई शक्ति प्रदर्शनसमेत तीव्र पारेको छ ।

राष्ट्रपति ट्रम्पले समुद्रमार्फत लागुऔषध तस्करी 'करिब ८५ प्रतिशत नियन्त्रणमा आइसकेको' दाबी गर्दै अब 'भूमिबाट थप कडा निगरानी र रोकथाम चाँडै सुरू हुने' बताए ।

**भेनेजुयलासँग बढ्दो कूटनीतिक तनाव**

भेनेजुयलाका जननिर्वाचित राष्ट्रपति निकोलस मदुरोविरूद्ध वासिङटनले पछिल्ला दिनमा दबाब बढाउँदै आएको छ । अमेरिकी प्रशासनले भेनेजुयलाको एक कथित लागुऔषध गिरोहलाई विदेशी आतङ्कवादी सङ्गठनका रूपमा सूचीबद्ध गरेको भने अमेरिकी उच्च सैन्य अधिकारीहरूको क्षेत्रीय यात्रा र सैनिक शक्तिको परिचालन पनि बढाइएको छ ।

थ्याङ्कसगिभिङ होलिडेमा रक्षामन्त्री पिट हेग्सेथले विमानवाहक जहाजमा बसेर सैनिकहरूलाई भेटेर 'गिरोहविरूद्धको प्रयास' मा कृतज्ञता प्रकट गरेको पेन्टागनले प्रकाशित भिडियोमा देखिएको छ ।

**उडान यातायातमा ठुलो अवरोध**

बढ्दो तनावका कारण भेनेजुयलातर्फका अन्तर्राष्ट्रिय उडानहरूमा ठुलो असर पर्न थालेको छ । अमेरिकी एफएएले 'सुरक्षा जोखिम' भन्दै चेतावनी जारी गरेपछि स्पेन, पोर्चुगल, चिली, ब्राजिललगायतका देशका प्रमुख विमान कम्पनीहरूले भेनेजुयलाका उडानहरू स्थगित गरेका छन् ।

यसको जवाफमा भेनेजुयलाको उड्डयन प्राधिकरणले ती एयरलाइन्सहरूलाई 'संयुक्त राज्य अमेरिकाले प्रवर्द्धन गरेको राज्य आतङ्कवादको कारबाहीमा सहभागी' भएको

*बाँकी पृष्ठ ८ मा*

# देशभर कृषि सर्वेक्षण गरिँदै

काठमाडौँ, १२ मङ्सिर । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सरकारले कृषि क्षेत्रको विकासका लागि देशभर कृषि सर्वेक्षण सुरु गरेको छ । मन्त्रालयले सबै स्थानीय तह, प्रदेशको कृषि मन्त्रालयलगायत सरोकार भएका निकायसँगको समन्वयमा तथ्याङ्क सङ्कलन सुरु गरेको हो ।

तथ्याङ्क लिँदा दोहोरो गणना हुन सक्ने भएकाले एकद्वार प्रणालीबाट स्थानीय

*बाँकी पृष्ठ ८ मा*


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भनपा २, ब्यासी, भक्तपुर

**सहुलियत दरमा कम्पोस्ट मल बिक्रीसम्बन्धी सूचना**

उपरोक्त विषयमा भक्तपुर नगरपालिकाबाट उत्पादित कम्पोस्ट मल २० किलोको प्रतिबोरा रु.३५०।- मा सर्वसाधारणको लागि बिक्री भइरहेकोमा कृषकहरूलाई मध्यनजर गरी सहुलियत दरमा २० किलोको प्रतिबोरा रु.२००।- मा उपलब्ध गराउने भनी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**स्वदेशी वस्तु प्रयोग गरौँ ।**

- स्वदेशी उत्पादनमा जोड दिऔँ ।
- स्वदेशी उत्पादनको प्रयोग गरौँ ।
- स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौँ ।
- स्थानीय उद्योग र रोजगार प्रवर्द्धनमा सहयोग गरौँ ।
- विदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौँ ।
- राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाऔँ ।
- स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौँ ।
- उद्यमीको योगदानको कदर गरौँ ।

**स्वदेशी वस्तु तथा सेवाको प्रवर्द्धन गरौँ, स्वावलम्बी बनौँ ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# कानुन अध्ययनसँगै विद्यार्थीहरूमा असल आचरण र संस्कारको पनि विकास गर्नुपर्ने

भक्तपुर, १२ मङ्सिर । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा 'फौजदारी कानुन र न्याय' विषयक भएको राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न भएकोमा शुक्रबार धन्यवादज्ञापन कार्यक्रम सम्पन्न भयो ।




कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले योग्य वकिल, न्यायाधीश, प्रशासक र दक्ष नागरिक तयार गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले ख्वप कलेज अफ ल सञ्चालन गरी कानुन विषय अध्यापन गराउँदै आएको बताउनुभयो ।

उहाँले सम्मेलनमा प्रस्तुत कार्यपत्रहरू कलेजकै सम्पत्ति भएकोले त्यसलाई पुस्तकको रूपमा प्रकाशित गर्नुपर्ने बताउनुभयो । ख्वप कलेज अफ लले कानुन विषयको आवश्यकता र महत्वलाई बुझेर विद्यार्थीलाई कानुनी शिक्षा दिँदै आएको बताउँदै उहाँले कानुन अध्ययनसँगसँगै विद्यार्थीहरूमा असल आचरण र संस्कारको पनि विकास गर्नुपर्ने बताउनुभयो ।

कानुन सबै क्षेत्रमा महत्त्वपूर्ण विषय बन्दै गएको बताउँदै उहाँले देशमा राजनैतिक परिवर्तनसँगै संविधान र कानुनले जनताको अधिकार सुरक्षित गर्ने बताउनुभयो ।

नेपालमा भदौ २३ र २४ गते भएको आन्दोलन विचार र सिद्धान्तबाट निर्देशित नभएको कारण देशभरि ध्वंसात्मक प्रदर्शन भएको बताउँदै उहाँले अन्तरिम सरकारले भ्रष्टाचारीलाई कारबाही र नयाँ निर्वाचनमा जोड दिनुपर्ने बताउनुभयो ।

अन्तरिम सरकारले देशको सबै सार्वजनिक संस्थानलाई कम्पनीमा लाने नीतिले देशलाई अझ पछाडि धकेल्ने बताउँदै उहाँले पेट्रोल र डिजेलबाट चल्ने सवारीसाधनको विकल्पको रूपमा विद्युतीय गाडीहरूको खरिद गर्ने वातावरण राज्यले सिर्जना गर्नुपर्ने बताउनुभयो ।

नेपालको व्यापारघाटा चुलिँदै जाँदा मुलुक आर्थिक सङ्कटतिर उन्मुख भएको बताउँदै उहाँले शासक दलको अदूरदर्शी सोचले देशलाई झन्झन् परनिर्भर बनाउँदै लगेको बताउनुभयो ।

ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले कानुनका विद्यार्थीहरूले सतर्कता अपनाएर काम गर्नुपर्ने बताउँदै कानुन कार्यान्वयन गर्न जनताको चेतनास्तर बढाउनुपर्छ भन्नुभयो ।

ख्वप कलेज अफ लका शिक्षक लक्ष्मी बखाचोले विज्ञ समूह गठन गरी सम्पन्न गरेको उक्त सम्मेलन सोचेभन्दा धेरै राम्रो भएको बताउँदै कलेजको तर्फबाट बढी कार्यपत्र प्रस्तुत गर्न पाएको भए अझ राम्रो हुने थियो भन्नुभयो ।

कार्यक्रममा शिक्षक राजु कैटीले पनि बोल्नुभएको थियो । सोही क्रममा नगर प्रमुख प्रजापतिले राष्ट्रिय सम्मेलन आयोजक समितिलाई धन्यवादज्ञापन गर्दै पत्र प्रदान गर्नुभएको थियो ।

# भिन्तुनामा बाँसुरी बाजा प्रशिक्षण सुरु



भक्तपुर, १२ मङ्सिर । भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि.को सांस्कृतिक उपसमितिको आयोजनामा मङ्सिर ११ गते बिहीबारदेखि बाँसुरी प्रशिक्षण सुरु गर्‍यो ।

कार्यक्रममा संस्थाका अध्यक्ष कृष्णगोविन्द सुवालले संस्थाले स्थापनादेखि आजसम्म सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा लक्षित गरी वार्षिक रूपमा योजना तयार गरी विविध तालिम, गोष्ठी तथा भौगोलिक अध्ययन भ्रमण तथा सहकारी शिक्षासम्बन्धी कार्यक्रमहरू गर्दै आएको र सदस्यहरूमा सीप अभिवृद्धि गर्नुका साथै आवश्यक सल्लाह र सुझावहरू सङ्कलन गर्दै आएको जानकारी गराउनुभयो ।

संस्थाले २० वर्षभन्दा माथि उमेर समूहका सदस्य तथा सदस्यका परिवारलाई बाँसुरी बाजा प्रशिक्षण तालिम सुरु गरेको र तालिममा सहभागी प्रशिक्षार्थीहरूले आफूले सिकेका सीपलाई व्यवहारमा उतार्न सक्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

संस्थाले ज्येष्ठ नागरिक दिवसको अवसरमा संस्थाले संस्थाका ७० वर्ष र ७० वर्षभन्दा बढी उमरेका ज्येष्ठ सदस्यहरूलाई स्वास्थ्य परीक्षण तथा सम्मान गर्ने कार्यक्रम रहेको र महिला सदस्यहरूका लागि लुगा धुने सोडा बनाउने तालिम सञ्चालन गर्ने भएको जानकारी गराउँदै उहाँले कार्यक्रमहरूमा सम्पूर्ण सदस्यहरूको सक्रिय सहगागिताका लागि अनुरोध गर्नुभयो ।

बाँसुरी प्रशिक्षणका सहजकर्ता रभिम कपालीले बाँसुरी बाजा नेवार संस्कृतिको अमूल्य पहिचान भएको बताउँदै सोको जगेर्ना गर्न सहकारीले एउटा पाइला थप गरेकोमा संस्थालाई धन्यवाद दिनुभयो । उहाँले बाँसुरी बाजा सिक्ने प्रशिक्षार्थीले एक अभिभावकत्व निभाई नयाँ पुस्तामा हस्तान्तरणसमेत गर्ने जिम्मेवारी आएको महसुस गर्दै सीप सिकाइमा निरन्तरताको औचित्यताबारे प्रकाश पार्नुभयो ।

सहभागी प्रशिक्षार्थीहरूको तर्फबाट डा. रत्नसुन्दर लासिवाले अहिले समुदायका मानिसहरूमा दम, सुगर, प्रेसरसम्बन्धी रोगहरू बढिरहेको र यसको न्यूनीकरणका लागि दैनिकीमा केही फेरबदल गर्नुपर्ने र स्वास्थ्यलाई ख्याल गर्नुपर्नेमा जोड दिनुभयो ।

बाँसुरी बाजा स्वास्थ्यका दृष्टिले श्वासप्रश्वाससम्बन्धी निराकरणको अचुक औषधि साबित हुनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो ।

४१ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा बाँसुरी बाजा प्रशिक्षण ४ महिनासम्म सञ्चालन हुने जानकारी दिइयो भने कार्यक्रम सांस्कृतिक उपसमितिका संयोजक कविता खुसुको सभापतित्वमा भएको थियो । प्रशिक्षणको उद्देश्यबारे आयोजक समिति सदस्य रीता सुवालले पनि बोल्नुभएको थियो ।

# नवदुर्गा गणको डालाकेगु जात्रा आजदेखि सुरु हुने

✍ नारायणमान बनमाला

भक्तपुर नगरको मानव समाजमा आधारित ऐतिहासिक महत्त्व बाकेको जीवित रूपमा पुजिने प्रसिद्ध नेपालकै लामो नवदुर्गा देवगण भवानीको जात्रा यस वर्ष मङ्सिर १३ गते नवमीको दिनदेखि काठमाडौँको पशुपति क्षेत्र जय बागेश्वरीस्थानमा माछा मार्ने (डालाकेगु) सुभारम्भ हुनेछ । जात्रामा हरेक वर्ष बालाचरेपछि नवमी र दशमीको दुई दिन पशुपतिनाथ मन्दिर र नवदुर्गा देवगणको भेटघाट तथा प्रसाद आदानप्रदान गर्ने गरिन्छ ।

पशुपतिनाथका मूल पुजारीबाट नवदुर्गा भवानीलाई पूजा प्रदान गरी पशुपतिको जल र मूल प्रसाद भैरवको हातबाट चढाउने चलन रहेको पाइन्छ । पशुपतिको मूल चोकमा देवगणको नाचसँगै सम्पूर्ण देवताहरूलाई भेटघाट गर्ने र पूर्वपतिको गुजेश्वरी देवतालाई भेट गरी दक्षिणतर्फ रहेको शिवालय चोकमा मु: बाहाँ लिकेगु जात्रा गरी पशुपति विकास क्षेत्रको मूल पूजा ग्रहण गर्ने चलन छ । जय बागेश्वरी मन्दिरमा पुगेर यस वर्षको सर्वप्रथम डालाकेगु जात्राको लागि ख: जुयेगु (बास बस्ने) र रात्रिको नाच प्रदर्शन गर्ने चलन रहेको पाइन्छ । सोही दिन भोलिपल्ट बिहानदेखि बाराही नाच, सिम दुमको माछा मार्ने नाच, महाकाली नाचसँगै बेलुका सेतो भैरवले माछा मार्ने जात्रा गरी बेलुकासम्ममा सम्पूर्ण नाच सम्पन्न गरी पुन: भक्तपुर नपा फर्किने चलन छ । सोही स्थानमा देवगणहरूले आफ्नो देवताको मकुन्डो, पोसाकदेखि आवश्यक सामानहरू खर्पनमा राखेर बोक्दै हिँडेर जानुपर्ने परम्परा अहिलेसम्म छ ।

योमरी पुन्हिको दिनदेखि मध्यपुर नगरपालिकाको थिमिमा पनि नवदुर्गाको डालाकेगु जात्रा हुनेछ । यसअघि विवादको कारण केही वर्ष जात्रा नै चलेन । हरेक वर्ष निरन्तरता दिने सम्झौताअनुसार यस वर्ष मङ्सिर १८ गते बिहीबार योमरी पुन्हिको दिनदेखि पुन: जात्रा सञ्चालन हुने भएको छ ।

**मध्यपुर नपामा नवदुर्गा जात्रा सात दिनसम्म हुने**

पहिलो दिन मङ्सिर १८ गते योमरी पुन्हिको दिन भनपा वडा नं. ९ गछेँ




मन्दिरबाट देवगणहरू सम्हेबजी ग्रहण गर्दै मकुन्डो गरगहना, पोसाकहरू ख:मूमा राखेर बोकी दिउँसो ३ बजे मध्यपुर नपा प्रस्थान गर्छन् । चार बजे दिगुलि स्थानमा पुगेर सम्पूर्ण देवगणहरूले आ-आफ्नो पोसाक पहिरन गरी नवदुर्गा नाच जात्रा सुरु हुने गर्दछ । दिगुलिबाट नाच प्रदर्शन गरी बेलुका मध्यपुरको बालकुमारी मन्दिरको सत्तल पुगी बास बस्ने गरिन्छ ।

दोस्रो दिन मङ्सिर १९ गते बिहान आठ बजेदेखि मध्यपुर चपाचो स्थानबाट गणेशकुमारी र सिमदुम चार जना देवगणको पेम्हा द्योको नाच प्रदर्शन गरिन्छ । पुन: बालकुमारी मन्दिरमा फर्किंदै बेलुका सम्पूर्ण देवगणहरूको लायकुमा ख: प्याखं नाच गरिन्छ । देवगणमा भैरव, महाकाली, बाराही, कुमारी ,धोमा पोमी, दातिमा पोमी, झिमा पोमी, गणेश, ब्रह्मायणी, महेश्वरी, भद्रकाली, नर्की, बालकुमारी, दुम, सिम, श्वेत भैरव आदि रहेका हुन्छन् ।

तेस्रो दिन मङ्सिर २० गते पुन: त्यही दिनमा भुलांख्योदेखि पेम्हा द्यो (चार जना देवगण) को नाच प्रदर्शन हुने क्रममा नवदुर्गा देवगणको छुट्टै पहिचान रहेको जात्रा मध्यपुर थिमिमा हुने गर्दछ । सोही क्रममा भक्तजनले आफ्नो क्षमताअनुसार घरमा भएको वस्तु धान, गहुँ, मकै तरकारी खुर्सानी, मूला चढाउने चलन छ । सोही स्थानमा प्रजापतिहरूले पनि भाँडाकुँडा लिएर देवगणलाई नाच प्रदर्शन गरी भाषाको तालमा चढाउने चलन रहेको छ । चपाचोमा निश्चित बाटो परिक्रमा गरी पुन: टोलहरूमा नाच प्रदर्शन सम्पन्न गरी बालकुमारी मन्दिरमा फर्केर सोही दिन लायकु ख: प्याखं जात्रा गरी नाच सम्पन्न गरिन्छ ।

चौथो दिन मङ्सिर २१ गते मध्यपुरको विभिन्न स्थानमा जात्रा गर्ने क्रममा स्थानीय वडाबासीहरूको टोलटोलमा देवगणहरूलाई द्यो बोयकेगु कार्यक्रम रहेको छ । सोही दिन प्रसाद ग्रहण गरी पुन: दथु टोलमा आएर बेलुका ख: प्याखं (नाच) प्रदर्शन गरी राति बालकुमारी मन्दिरमा फर्किने चलन छ ।

पाँचौं दिन मङ्सिर २२ गते बिहानै मध्यपुरको बाखाबजार हुँदै नगदेश क्षेत्रमा पनि पेम्हा द्यो (चार जना देवगण) घुम्ने अथवा विभिन्न टोलटोलमा नाच प्रदर्शन गरी पूजा ग्रहण गर्ने गरिन्छ । मध्यपुर बोडेमा पनि चार जना देवता बेलुकानिर पुगी पुन: बोडेको लायकुमा पूजा ग्रहण गरी सम्पूर्ण नाच सम्पन्न गरी बालकुमारी मन्दिरमै फर्किने गरिन्छ ।

छैटौं दिन मङ्सिर २३ गते चित्रपुर मध्यपुरकै गामचामा चार जना देवताको जात्रा प्रदर्शन गरी टोलमा नाच प्रदर्शन गरी पुन: फर्किने गरिन्छ । सोही दिन बालकुमारी एरिया बजिगान्जा एरिया टोलटोलमा पूजा ग्रहण गरी बेलुका लोकेश्वर मन्दिरनिर ख: जुयेगु (बास बस्ने) गरिन्छ । देवगणको सम्पूर्ण कालरात्रि नाच प्रदर्शन गरेर मध्यपुरको लाछि चोकमा खुला क्षेत्रबाट मु: बाहाँ लिकेगु जात्रा गरिन्छ ।

सातौं दिन मङ्सिर २४ गते डालाकेगु जात्राको रूपमा बाराहीको नाच प्रदर्शन गरिन्छ । त्यस लगत्तै सिमदुमको नाच हुन्छ र डालाकेगुको पहिलो चरण सुरु हुने गर्दछ । दुमले डालाकेगु जात्रा सम्पन्न गरेलगत्तै पुन: महाकाली नाच प्रदर्शन सुरु गरिन्छ । महाकाली नाच एक महिषासुर बध गर्ने नाचको रूपमा लिइन्छ । सोही नाचसँगै माछा मार्ने श्वेत भैरवको आगमन हुन्छ । श्वेत भैरवको नाचसँगै माछा मार्ने सुरु गरिन्छ । भाषाको तालमा माछा खाने, पेट दुखाउने, लुगा धुने जात्रा सम्पन्न गरी पुन: सम्पूर्ण देवगणको अन्तिम नाच गं दिगु नाच प्रदर्शन गरी पुन: बालकुमारी मन्दिरमा पुगी देवगणहरूले आ-आफ्ना मकुन्डोहरू द्योछेँमा राखेर आफ्नो पोसाकसहित चोकमा आएर सर्वप्रथम आरती बाली नाच हुन्छ । अन्तमा सम्पूर्ण भक्तजनलाई बिदावारीका साथ बेलुका भनपा मन्दिरमा देवता बोकेर फर्किने चलन रहेको छ । यसैबिच माघ सङ्क्रान्तिबाट भनपाको सूर्यमढी टोलदेखि दुई महिनासम्म विभिन्न स्थानमा नाच हुने चलन छ ।

आशा छ, यस संस्कृतिलाई सम्बन्धित निकाय तथा सम्पूर्ण भक्तजनहरूबाट अपार आवश्यक सहयोग प्राप्त हुने विश्वास छ ।

# भक्तपुर बचतमा नौबाजा प्रशिक्षण सुरु, उत्साहजनक सहभागिता




भक्तपुर, १२ मङ्सिर । भक्तपुर बचत तथा ऋण सहकारी संस्थाको सांस्कृतिक उपसमितिको आयोजनामा बिहीबारदेखि नौ महिने नौबाजा प्रशिक्षण सुरु भएको छ । भक्तपुर बचतका सम्मानित व्यक्ति एवम् वाद्य गुरु पञ्चलाल लाछिमस्यु प्रशिक्षक रहेको उक्त प्रशिक्षणमा ४० जनाको उत्साहजनक सहभागिता रहेको संस्थाले जनाएको छ ।

कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले भक्तपुरमै पहिलोपटक भक्तपुर बचतबाट सांस्कृतिक अभियान चलाएको बताउनुभयो । उहाँले समाजको सांस्कृतिक उत्थान र सामाजिक दायित्वको रूपमा सांस्कृतिक क्षेत्रमा पाइला चालेको भक्तपुर बचतले हालसम्ममा आर्थिकसँगै खेलकुद, स्वास्थ्य, शैक्षिक एवम् सामाजिक क्रियाकलापहरूमा योगदान गरिरहेको बताउनुभयो । उहाँले आफूले सिकेका बाजा अरूलाई सिकाएमा त्यसबाट आफ्नो व्यक्तित्व विकासमा सघाउ पुग्ने औँल्याउनुभयो । सभ्य नागरिकको पहिचानलाई निरन्तरता दिनुपर्ने बताउँदै उहाँले तालिम अवधिभर अनुशासित र नियमित उपस्थित भई आफ्नो सीपलाई निखार्नुपर्ने बताउनुभयो । उहाँले भक्तपुरको सांस्कृतिक क्षेत्रमा सहकारीले चलाएको अभियानमा सबैले साथ दिनुपर्ने बताउनुभयो ।

नौ बाजाका प्रशिक्षक एवम् वाद्य गुरु पञ्चलाल लाछिमस्यूले अहिलेसम्मको प्रशिक्षणमा यस्तो सहभागिता कहिल्यै नपाएको उल्लेख गर्दै उहाँले यसलाई सिकाइ अवधिभरसम्म कायम राख्नुपर्ने बताउनुभयो । उहाँले यो प्रशिक्षण संस्थाको लागि पनि ठूलै उपलब्धि भएकोले संस्थाको उद्देश्य पूरा गर्न सबै लाग्नुपर्ने बताउनुभयो । अनुशासित प्रशिक्षार्थीले बढी सिक्ने उहाँको भनाइ छ । उहाँले धैर्यताले नै मानिसलाई सफल बनाउने बताउँदै सबैले निरन्तरता दिनुपर्ने औँल्याउनुभयो ।

अर्का वाद्य गुरु रभिम कपालीले नौ बाजा परम्परागत लोकबाजा भएकोले यसको संवर्द्धन र संरक्षणमा भक्तपुर बचतले धेरै पहिलेदेखि नै ध्यान पुऱ्याइरहेको बताउनुभयो । नौ बाजाको परिचय दिँदै भक्तपुर र अन्य जिल्लामा यसको प्रयोग र अहिलेको अवस्थाबारे उहाँले स्पष्ट पार्नुभयो ।

आयोजक समितिका संयोजक नारायणी खोँजुले नौ बाजा प्रशिक्षण लामो छलफलपछिको निर्णय भएकोले भक्तपुरको सांस्कृतिक अभियानमा नौबाजा प्रशिक्षण भक्तपुर बचतको नयाँ पाइला भएको स्पष्ट पार्नुभयो । कार्यक्रममा आयोजक समितिका सदस्य प्रज्ज्वल प्रजापतिले पनि बोल्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

# क्रिप्टो करेन्सीको कारोबार गरेको आरोपमा पक्राउ

काठमाडौँ, १२ मङ्सिर । नेपाल प्रहरीले अवैध रूपमा क्रिप्टो करेन्सीको कारोबार गरेको आरोपमा काठमाडौँ महानगरपालिका-१५ डल्लु बस्ने मोहम्मद सेफलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौँका सूचना अधिकारी पवनकुमार भट्टराईका अनुसार अभौतिक मुद्रा किप्टो करेन्सीको कारोबार गरिरहेको भन्ने सूचनाका आधारमा बारा कलैया नगरपालिका घर भई काठमाडौँको डल्लु बस्दै आएका सेफलाई पक्राउ गरिएको हो ।

कारोबार गर्न प्रयोग भएको विभिन्न कम्पनीको मोबाइल दुई थानसहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । सेफलाई नियन्त्रणमा लिई अनुसन्धान गर्दा रु. १९ करोड ८१ लाख ४९ हजार ५८१ भन्दा बढी बराबरको अभौतिक कारोबार भएको पाइएको प्रहरीको भनाइ छ । प्रहरीले अभौतिक मुद्राको प्रयोग गर्न नहुनेसम्बन्धी कसुरमा काठमाडौँ जिल्ला अदालतबाट पाँच दिनको समेत म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । ***रासस***

# मजदुरको जीवनः पसिनाले चल्ने दिन

***- रोजी खड्का, प्रशिक्षार्थी***

मजदुरको दिन सूर्योदयभन्दा अगाडि नै सुरु हुन्छ । सहर होस् या गाउँ उनीहरूको रफतार कहिल्यै कम हुँदैन । बिहानदेखि भारि बोक्ने, मेसिन चलाउने, धुलो धुवाँमा काम गर्ने, यही त उनीहरूको दैनिकी हो । तर, यो कठिन मेहनतका पछाडि लुकेको कहानी बाहिरका धेरैले बुझ्दैनन् ।

दिनभरको परिश्रमले शरीर थाक्छ तर मन अझ बढी थकाउँछ ज्यालाको अनिश्चितताले । कहिल्यै समयमै आउने, कहिले ढिलो, कहिलै कटौती । यसले उनीहरूको दैनिक जीवन झनै कठोर बनाइदिन्छ । परिवार पाल्ने जिम्मेवारी पूरा गर्न हरेक पैसा महत्त्वपूर्ण हुन्छ । भाडा, खाना, औषधि, छोराछोरीको पढाइ - सबै खर्च मजदुरको कमजोर काँधमै टिकिरहेको हुन्छ ।

कामको जोखिम पनि कुनै सानो कुरा होइन । सुरक्षा सामग्री नपाइने, मेसिनमा गल्ती हुनसक्ने, भारी वस्तुले चोट लाग्ने, कहिलेकाहीँ जीवन जोखिममा पर्ने, यी सबै मजदुरले हरेक दिन सामना गरिरहेका यथार्थ हुन् ।

तर यी सबै कठिनाइका बाबजुद मजदुर कहिल्यै थाक्दै । उनीहरूको आशा सरल तर गहिरो हुन्छ, आजभन्दा भोलि राम्रो होस्, परिवारलाई दुःख नआओस् र छोराछोरीले उनीहरूले भोगेको कस्ट भोग्न नपरोस् ।

मजदुरको जीवन कठिन छ तर उनीहरूको साहस असाधारण । उनीहरूको सम्मान, सुरक्षा र उचित ज्याला, यही नै उनीहरूले खोजेको न्याय हो ।


# पशुबीमा कार्यक्रमबाट पनौतीका चार हजार किसान लाभान्वित

काभ्रेपलाञ्चोक, १२ मङ्सिर । पनौती नगरपालिकामा सञ्चालन भएको पशुधन बीमा कार्यक्रमबाट चार हजारभन्दा बढी किसान लाभान्वित भएका छन् । गत वर्षदेखि प्रारम्भ भएको उक्त कार्यक्रमले नगरका १२ वटै वडाका किसानलाई समेटेको छ । बीमा कार्यक्रममार्फत नगरभित्रका गाई, भैँसी, बाख्रा, भेडा, बङ्गुर, सुङ्गुर, कुखुरा तथा हाँसजस्ता पशुपन्छीको बीमा गरिएको हो । नगर पशुपन्छी शाखाका अनुसार हालसम्म सबै वडाबाट चार हजार ४८ किसान कार्यक्रममा सहभागी छन् । किसानले व्यक्तिगत रूपमा पशुको बीमा गर्दा रु. एक हजार ४००देखि रु. एक हजार ५०० सम्म खर्च हुने गरेको छ ।

पनौती नगरपालिकाका अनुसार नगर क्षेत्रमा करिब ३० हजार बाख्रा, १० हजार गाई, छ हजार भैँसी, ५०० बङ्गुर तथा झन्डै एक लाख पन्छी छन् । नगरले हालसम्म पाँच हजार २८१ गाई, दुई हजार २३१ भैँसी, पाँच हजार ७८० बाख्रा, २४ हजार पन्छी तथा १८ वटा बङ्गुरको बीमा गरेको छ ।

पालिकाकी शाखा प्रमुख दिपिका २०० पशुको दाबी भुक्तानी भइसकेको छ । नगरले यसअघि 'भैँसी संरक्षण-सम्बर्द्धन अभियान' अन्तर्गत प्रतिभैँसी रु. पाँच हजार ''भैँसी सुत्केरी भत्ता' कार्यक्रम सञ्चालन गरेको थियो । ***रासस***


## हार्दिक समवेदना



जन्म
१९८५/०९/१२

निधन
२०८२/०६/३०

हाम्रा आत्मीय मित्र कृष्णहरि कोजुकी ममतामयी हजुरआमा **बुद्धिमाया कोजु**को दुःखद निधन भएको आज ४५ औँ दिन (लत्या) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**साथीहरू**

| | | |
|---|---|---|
| श्यामसुन्दर शिवहरि | सरोज सुवाल | गोपालसुन्दर गोसाई |
| सुरेश हेङ्गोजु | उमेश कुसी | किरणराज बोहजु |
| जगदिप गाईजु | मंगलश्याम ग्वाछा | रमेश गाँसी |
| किरण गाईजु | प्रवीण कोजु | राजकिरण प्रजापति |
| विकास सुवाल | बालगोविन्द तचामो | रोशन गोसाई |




**निर्माणाधीन चार लेनको पुल**

तनहुँको व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमाथि निर्माणाधीन पक्की पुल । पृथ्वी राजमार्गको मुग्लिन पोखरा सडक खण्डअन्तर्गत मादी नदीमाथि चार लेनको पुलको काम धमाधम भइरहेको छ । *तस्बिर : कृष्ण न्यौपाने/रासस*

# हेटौँडाको मुख्य सडक विस्तारका लागि रेखाङ्कन सुरु

वाग्मती, १२ मङ्सिर । वाग्मती प्रदेशको राजधानी रहेको हेटौँडा बजार क्षेत्रको सडक विस्तारका लागि रेखाङ्कनको काम सुरु भएको छ । लामो समयदेखि विवादित सो सडकको विस्तारका लागि मुख्य सडकको दायाँबायाँ दुवैतर्फको संरचना हटाउन माइकिङ र रेखाङ्कनको काम भइरहेको हो ।

सडक सीमाभित्र पर्ने संरचना हटाउन पटकपटक सूचना जारी गर्दासमेत स्थानीयले अटेर गरेपछि स्थानीय प्रशासनले त्यस्ता संरचना हटाएर सडक विस्तारको काम अघि बढाउन पहल थालेको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको पहलमा विशेष 'टास्क फोर्स' गठन गरी सडक विस्तारलाई अघि बढाइएको छ । सडक डिभिजन कार्यालय हेटौँडाले जनाएको छ । कार्यालयका सूचना अधिकारी इन्जिनियर यादव सुवेदीको संयोजकत्वमा गठित टास्क फोर्सले पूर्वपश्चिम राजमार्ग तथा त्रिभुवन राजपथअन्तर्गत सडक सीमा अतिक्रमण गरी बनेका स्थायी तथा अस्थायी संरचनाको रेखाङ्कन गर्ने, रङ लगाउने तथा आवश्यक कानुनी कारबाही अघि बढाउने जिम्मेवारी पाएको छ ।

टोलीले जिम्मेवारी पाएलगत्तै काम सुरु गरिसकेको संयोजक सुवेदीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामीले पाएको जिम्मेवारी अनुसारको काम सुरु गरिसकेका छौँ । पहिलो चरणमा हामीले माइकिङ र सडकको दुवैतिर नापनक्सा र रेखाङ्कनको काम अघि बढाएका छौँ, त्यो सकेपछि संरचना भत्काउने काम अघि बढाउनेछौँ ।" काम गर्ने क्रममा समस्या नहोस् भन्ने उद्देश्यले टोलीमा अन्य सरोकार भएका निकायका प्रतिनिधिलाई पनि राखेर अघि बढेको उहाँको भनाइ छ ।

गठित विशेष टास्क फोर्स समितिमा हेटौँडा उपमहानगरपालिका, जिल्ला प्रहरी कार्यालय, नापी कार्यालय, खानेपानी व्यवस्थापन बोर्ड, वन कार्यालय, नेपाल विद्युत् प्राधिकरण, दूरसञ्चार प्राधिकरणलगायत सरोकार भएका निकायका प्रतिनिधिहरू सदस्य छन् ।

हेटौँडा सडक विस्तारका लागि एसियाली विकास बैङ्क (एडीबी) बाट स्रोत सुनिश्चित भइसकेकाले टास्क फोर्सले कामलाई तीव्ररूपमा अघि बढाउने मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले बताउनुभयो ।

उहाँले सडक विस्तारका क्रममा विद्युत् खानेपानी, टेलिफोनलगायत अत्यावश्यक सेवा अवरोध नहुनेगरी सरोकार भएका निकायसँग निरन्तर समन्वय गरी काम अघि बढाउने तयारी भएको जानकारी दिनुभयो ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडाको रातमाटेबाट बुद्धचौक हुँदै राप्ती खोला पुलसम्म तथा त्रिभुवन राजपथअन्तर्गत बुद्धचौकबाट सामरी पुलसम्मको सडक खण्डमा सडकको मध्य भागबाट दायाँबायाँ २५/२५ गजभित्र निर्माण भएका स्थायी र अस्थायी घर टहरा तथा अन्य संरचनाहरू १५ दिनभित्र हटाउन सडक डिभिजन कार्यालय हेटौँडाले गत शुक्रबार सार्वजनिक सूचना जारी गरिसकेको छ ।

तोकिएको समय सीमाभित्र धनीले त्यस्तो संरचना नहटाए सडक डिभिजन कार्यालयले भत्काएर हटाउने र त्यसमा लाग्ने सम्पूर्ण लागत खर्च सम्बन्धित व्यक्तिबाटै असुलउपर गर्ने जनाएको छ ।

यसैबिच सडक विस्तारका लागि सडक डिभिजन कार्यालयबाट सूचना जारी भएसँगै हेभी इक्विप्मेन्ट डिभिजन कार्यालय हेटौँडाले पनि संरचना भत्काउन, सडक निर्माणलगायत कार्यका लागि आवश्यक पर्ने उपकरण र सवारीसाधन तयारी अवस्थामा राखेको छ ।

कार्यालयका सूचना अधिकारी बरुणकुमार साहले सडक विस्तारका लागि आवश्यक लम्बुङ, एक्साभेटर, ह्विल एक्साभेटर, लोडर, जेसिबी, टिपर, ट्रकलगायत सामग्री र उपकरण, सवारीसाधन तयारी अवस्थामा राखिएको जानकारी दिनुभयो । ***रासस***

# विद्युत् नियमन आयोगलाई साफिरको सदस्यता लिन स्वीकृति

काठमाडौँ, १२ मङ्सिर । नेपाल ऊर्जा क्षेत्रको नियमनकारी निकायका रूपमा रहेको विद्युत् नियमन आयोगले साउथ एसिया फोरम फर इन्फ्रास्टक्चर रेगुलेशन (साफिर) अर्थात दक्षिण एसियाली पूर्वाधार नियमन मञ्चको सदस्यता प्राप्त गर्ने भएको छ ।

सदस्यता प्राप्तिका लागि सरकारले आयोगलाई अनुमति दिएको छ । मन्त्रिपरिषद्को यही मङ्सिर ८ गतेको बैठकले सो संस्थाको सदस्यताका लागि स्वीकृति दिएको छ । आयोग विगत केही वर्षयता उक्त मञ्चमा सदस्यता प्राप्त गर्ने प्रक्रियामा सक्रिय रूपमा संलग्न हुँदै आएको थियो । क्षेत्रीय तथा अन्तरराष्टिय नियामक निकायसँग अनुभव आदानप्रदान, उत्कृष्ट अभ्यासको अङ्गीकरण तथा नियामकीय सीप र क्षमता विकासको दृष्टिले साफिरको सदस्यता आयोगका लागि महत्त्वपूर्ण उपलब्धि हुने आयोगले जनाएको छ ।

आयोगले साफिरको सदस्यता प्राप्त गरेसँगै विद्युत् क्षेत्रको सुधारका लागि आवश्यक हुने विविध नियामकीय अभ्याससम्बन्धी जानकारी प्राप्त हुनेछ । यस्तै, विभिन्न देशका नियामक सङ्घसंस्था तथा निकायबिच अनुभव तथा ज्ञान आदानप्रदान गर्न तथा ऊर्जासम्बन्धी खोज अनुसन्धानलाई प्रोत्साहन गर्न सहज हुनेछ । नियामक संस्थाहरूबिच क्षमता अभिवृद्धि, उत्कृष्ट अभ्यास र ज्ञानको आदानप्रदान तथा प्राविधिक दक्षताको प्रवाहबाट समुचित राष्ट्रको मानव स्रोत क्षमतामा अभिवृद्धि हुने विश्वास लिइएको छ ।

अन्त्यमा साफिरको सदस्यता प्रदान गर्ने प्रक्रियाका क्रममा साथ र सहयोग प्रदान गर्नुहुने नेपाल सरकार, अर्थ मन्त्रालय, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका साथै आयोगका पदाधिकारी, कर्मचारी तथा सम्पूर्ण सरोकारवालाप्रति आयोग हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

आयोगको कार्यसञ्चालन तथा नियामकीय जिम्मेवारीमा आवश्यक प्राविधिक र संस्थागत दक्षता अभिवृद्धि गर्ने हेतु क्षेत्रीय तथा अन्तर्राष्ट्रिय नियामक संस्था तथा निकायहरूसँग समन्वय र सहकार्य गर्नु अपरिहार्य रहेको ठहर गरेको छ ।

विद्युत् नियमन आयोग नियमावली, २०७५ को नियम २० को उपनियम २ बमोजिम अध्यक्षले आयोगको तर्फबाट स्वदेश वा विदेशका नियमनकारी सङ्घसंस्था, निकायहरूसँग सम्पर्क गर्न र कुनै सम्झौता गर्नुपर्ने भएमा आयोगको स्वीकृति लिई सम्झौता गर्न सक्ने कानुनी आधार रहेको छ । ***रासस***

# कोलकाता र हल्दिया बन्दरगाहको जग्गा प्रयोगविहीन, भाडाबापत राज्यकोषबाट लाखौँ खर्च

**- हिमाल लम्साल**

कोलकाता (भारत), १२ मङ्सिर । यहाँस्थित कोलकाता र हल्दिया बन्दरगाहको जग्गा प्रयोग नहुँदा राज्यकोषबाट मासिक रु. पाँच लाख ६० हजार खर्च भइरहेको छ ।

नेपालले पारवाहन सन्धिअनुसार भारतसँग 'लिज' मा लिएको जग्गा व्यवस्थापन नहुँदा वर्षौँदेखि राज्यको व्ययभारले थिचिएको छ । नेपाल पारवहन तथा गोदाम कम्पनी लिमिटेडको निष्क्रियताले यस्तो अवस्था आएको हो ।

कोलकाता बन्दरगाहमा चार हजार ८५० वर्गमिटरको गोदाम नेपाल पारवहन तथा गोदाम कम्पनीले व्यवस्थापन गर्दै आएको छ । सरकारले कोलकाताको जग्गाको मासिक भाडा भारतीय मुद्रामा ५६ हजार तिर्दै आएको छ । हाल उक्त जग्गा उपयोगको म्याद समाप्त भएको छ । हल्दिया बन्दरगाहको जग्गा आठ हजार ९८५ वर्गमिटर जग्गा पनि उपयोगहीन छ ।

यहाँस्थित उक्त कार्यालयका प्रबन्धक हिमनाथ पौडेलले कोइला, जिप्सनलगायत सामग्री राख्न सकिने भए पनि प्रयोग नभएको बताउनुभयो । यहाँको श्यामाप्रसाद मुखर्जी पोर्टकोतर्फबाट पनि सो जग्गा सट्टापट्टा गर्नका लागि अनुरोध भए पनि निर्णय नभएको उहाँले बताउनुभयो ।

हल्दियाको जग्गामा केही सवारीसाधन यत्रतत्र थुप्रिएका छन् । शाखा प्रबन्धक पौडेलले हल्दियाको भाडामा लिएको जग्गाको मासिक भारु तीन लाख तिर्दै आइरहेको जानकारी दिनुभयो । नेपालमा अत्यावश्यक हुने कोइला अहिले पनि हल्दिया बन्दरगाह हुँदै आइरहे पनि कोइला राख्ने पर्याप्त स्थान अभावमा सो जग्गाको उपयोग हुन सकेको छैन । यद्यपि, सोही जग्गाको वरपर भने कोइला, जिप्सनलगायत निर्माण सामग्रीका गोदाम छन् ।

यहाँस्थित नेपाली महावाणिज्य दूतावासका महावाणिज्यदूत झक्कप्रसाद आचार्य नेपालले पारवाहन सन्धिअन्तर्गत भाडामा प्राप्त गरेको कोलकाता र हल्दियाको दुवै जग्गा व्यावसायिक रूपमा उपयोग गर्नुपर्ने बताउनुहुन्छ । सो जग्गा प्रयोग गर्न नसकिने भएमा पारवहन सन्धि संशोधन गरेर भए पनि सहज निकास निकाल्नुपर्नेमा उहाँ जोड दिनुहुन्छ ।

महावाणिज्यदूत आचार्यले पारवहन सन्धिअन्तर्गत प्राप्त गरेको कोलकाता र हल्दियाको जग्गाको विषयमा परराष्ट्रमार्फत बताउनुभयो । उहाँले भन्नुभयो, "दुवै जग्गा बन्दरगाह परिसरमा नै भएकाले पनि नेपालले ठुलो लगानीमा ठुलो पूर्वाधार बनाउन सक्ने अवस्था छैन । कम्तीमा पनि भाडा तिर्न पुग्नेगरी कसैलाई व्यवस्थापनको जिम्मेवारी दिनुपर्छ ।" ***रासस***

। सम्पादकीय ।

# विषादी परीक्षण गर्नु आवश्यक

हरेक शासकहरू देश र जनताप्रति जिम्मेवार हुनुपर्छ । असल शासकहरू कुनै देशका अन्धभक्त हुँदैनन् । तर, नेपालका शासकहरू विदेशभक्त या भारतभक्त भएका कारण हुनुपर्ने काम भएन र नहुनु पर्ने धेरै भयो । नेपाल सरकारले देशको स्वाधीनता र सार्वभौमिकतामा असर पर्ने कुनै सन्धि सम्झौता गर्नुहुँदैनथ्यो । नेपाल र नेपालीको अहितमा हुने कुनै व्यापार व्यवसाय गर्नु हुँदैनथ्यो । विदेशी हस्तक्षेप र सीमा अतिक्रमणको सरकारले विरोध गर्नुपर्थ्यो । असमान सन्धि सम्झौतालाई कहिले पनि आत्मसात गर्नु हुँदैनथ्यो । भारतीय विस्तारवाद र भारतीय एकाधिकार पुँजीलाई आत्मसात गर्नु हुँदैनथ्यो । अमेरिकी साम्राज्यवादको विरोध गर्नुपर्थ्यो । ती मामिलामा देशका शासकहरू चुके । विदेशी आक्रमण, हस्तक्षेप, सीमा अतिक्रमणको विरोध गर्न नेमकिपा कहिले पनि चुकेन । भारतले नेपाली भूमि सुस्तामा अतिक्रमण गर्दा नेमकिपाले २०२५ सालमै विरोध गरेको थियो । यसले नेमकिपा देश र जनताप्रति समर्पित छ भन्ने थाहा हुन्छ । नेमकिपाले संसद्लाई वैचारिक सङ्घर्ष गर्ने थलोमात्र होइन क्रान्तिकारी संसद्वादको रूपमा उपयोग गर्दै आएको सबैसामु छर्लङ्ग छ ।

नेमकिपाले उठाएको माग सबै देश र जनतासित सम्बन्धित हुन्छ । नेमकिपाले देशमा रासायनिक मल कारखाना खोल्नुपर्ने माग तीनचार दशकदेखि उठाउँदै आएको हो । रासायनिक मल कारखाना खोलेपछि किसानहरूको मात्र होइन देशकै महत्त्वपूर्ण आयस्रोत पनि बन्छ । तर, सरकारले अहिलेसम्म रासायनिक मल कारखाना खोल्न सकेको छैन । रासायनिक मल खेतीपातीको सिजनमा पाउनुपर्ने हो । रासायनिक मल गुणस्तरीय हुनुपर्छ । म्याद नाघेको र तौल नपुगेको मल पनि आयात हुने हुँदा सम्बन्धित निकायबाट मलको निरीक्षण गर्नुपर्ने आवाज उठेको पनि तीन दशक बित्यो । विदेशबाट आयात हुने फलफूल र तरकारीको विषादी परीक्षण हुनुपर्ने नेमकिपाको माग धेरै वर्ष अघिको हो ।

यसबारे मङ्सिर ११ गते प्रकाशित 'अन्नपूर्ण पोस्ट' मा 'सर्वोच्चको परमादेश, नाकामा फलफूल र तरकारीको विषादी परीक्षण अनिवार्य' शीर्षकको विश्लेषणात्मक समाचार छापियो । समाचारमा सर्वोच्च अदालतले सरकार वा राज्यका निकायहरूलाई लोकतान्त्रिक शासन व्यवस्थामा जनताप्रतिको जिम्मेवारी र उत्तरदायित्व बोध गराउँदै ९ बुँदे परमादेश जारी गरेको छ । परमादेशमा पैठारी गरिएका खाद्यपदार्थहरूमा विषादी अवशेष परीक्षणका लागि मुख्य भन्सार बिन्दुहरूमा तथा आन्तरिक रूपमा प्रयोग गरिने विषादीको अवशेष परीक्षणका लागि समेत आवश्यक र उपयुक्त देखिएको स्थानहरूमा यथाशीघ्र स्तरीय प्रयोगशालाहरू स्थापना गर्नू गराउनू' भनिएको छ । पैठारी गरिएका तरकारी वा फलफूल प्रवेश बिन्दु (भन्सार नाका) नै विषादी परीक्षणका लागि स्तरीय प्रयोगशाला स्थापना जेजो पूर्वाधार वा संरचनाहरू तयार गर्नुपर्छ ती सबै कार्यलाई राज्यको जनस्वास्थ्यप्रतिको प्राथमिक जिम्मेवारीको रूपमा हेर्नुपर्ने हो ।

तरकारी तथा फलफूलमा रहेको विषादी अवशेषको भन्सार नाकामै परीक्षण गर्नको लागि आवश्यक दक्ष जनशक्ति, मेसिन र स्रोत साधनको उचित व्यवस्थापन आवश्यक हुन्छ । फलफूल तथा तरकारीमा विषादी अवशेष रहे नरहेको परीक्षण गर्नुपर्ने हुन्छ । त्यो व्यवस्थापन सरकारले गर्न सकेको देखिँदैन । तत्कालीन प्रधानमन्त्री ओलीको नेतृत्वमा बनेको सरकारले तेस्रो मुलुकबाट आयात हुने तरकारीजन्य खाद्यपदार्थको विषादी परीक्षण हाललाई नगरिने निर्णय गर्‍यो । फलफूल तथा तरकारी पैठारी गर्दा सम्बन्धित भन्सार बिन्दु क्वारेन्टाइन र जीवनाशक विषादीको अवशेष परीक्षण अनिवार्य रूपमा गरेर मात्र पैठारी गर्नुपर्ने व्यवस्था भएकोमा जसले जस्तोसुकै विषादी सामान पठाए पनि बजारमा बिक्री गर्न पठाउन मिल्ने व्यवस्था सरकारले किन गर्‍यो ? त्यस निर्णयभित्र के रहस्य छ ? कतै भारतीय शासकहरूलाई खुसी पार्न त त्यो निर्णय गरिएको होइन ? छिमेकी देशलाई खुसी पार्न या चिढिन्छ भनेर के नेपाली जनता विषाक्त तरकारी र फलफूल खाएर बिरामीको शिकार बन्ने ? आज विषादीको कारण नेपालीहरू अनेक रोगका बिरामी भएका छन् । यसको लागि जहाँ जहाँ भन्सार विभागहरू छन् त्यहाँ त्यहाँ विज्ञहरूको टोली हुनुपर्छ; विषादी परीक्षण गर्ने प्रयोगशाला हुनुपर्छ । विषादीको परीक्षण भएको भए नेपाली जनताले विषाक्त वस्तु खाने छैनन् र अनेक रोगका शिकार बन्ने छैनन् ।

खाद्यसम्बन्धी मौलिक संरक्षणका लागि विषादी परीक्षण अनिवार्य रहेको सर्वोच्च अदालतको परमादेशलाई सरकारले लागु गर्नुपर्छ । लागु गर्न सामान भित्रिने सबै केन्द्रहरूमा निरीक्षण टोली र प्रयोगशालाको व्यवस्था गर्नुपर्छ । विषादी खाद्यान्नको निरीक्षण जति ढिलो हुन्छ त्यति नै नेपाली जनता रोगका शिकारी हुछन् र आफ्नो कमाइ स्वास्थ्यमा खर्च गर्नुपर्ने हुन्छ । यसबारे सरकार गम्भीर हुनुपर्छ ।

# देश जोगाउन लड्ने केही बहादुर छोरीहरू

✍ सिम्रिका

आफ्नो देशलाई जोगाउन नेपाली छोरीहरूले पनि बहादुरीपूर्वक लडेको इतिहास सुन्न र पढ्न पाइन्छ । चाहे कीर्तिपुरको लडाइँमा होस्, चाहे नालापानीको युद्धमा । देशको लागि अलिकति पनि नझुकिकन लडेका नेपाली बहादुर छोरीहरूको र लडाइँको इतिहास अरु पनि होला । थुप्रै विदेशी बहादुर छोरीहरू पनि इतिहासको गर्भमा लुकेर बसेका होलान् ।

कीर्तिपुर युद्धको गोर्खाली सेनाका साथमा छरिएर रहेका बाइसे, चौबिसे साना साना राज्यहरूलाई एकीकरण गर्ने क्रममा काठमाडौँ उपत्यका वरपरको नुवाकोट, रसुवा, साँखु, नगरकोट, नाला, बनेपा, धुलिखेल, श्रीखण्डपुर, पनौती, साँगालगायतका गढी, राज्य जितेपछि पृथ्वीनारायण शाह काठमाडौँ उपत्यका पसे । काठमाडौँ उपत्यका जित्न उनले रणनीतिक रूपले महत्त्वपूर्ण र बलियो किल्लाको रूपमा रहेको कीर्तिपुरमाथि आक्रमण गरे । वि.सं. १८१४ मा भएको कीर्तिपुरमाथिको पहिलो आक्रमणमा पृथ्वीनारायण शाह पराजित भए । त्यस आक्रमणमा उनका विश्वास पात्र सेना प्रमुख काजी कालु पाण्डे कीर्तिपुरे सेनाबाट मारिए । दोस्रोपटक वि.सं. १८१६ मा पृथ्वीनारायण शाहले कीर्तिपुरमाथि आक्रमण गरे । त्यसमा पनि उनी असफल भए । उनका भाइ सुरप्रताप शाहको आँखा कीर्तिपुरे जनताको वाणले फुटायो ।

वि.सं. १८२१ मा उनले पहिलो र दोस्रो पटकको पराजयबाट पाठ सिकेर नयाँ रणनीतिका साथ तेस्रोपटक आक्रमण गरे । त्यसमा उनी सफल भए । यसमा सफल हुनुका थुप्रै कारणहरूमध्ये एउटा कारण नाकाबन्दी हो । उनले गुप्तरूपमा आफ्ना मान्छेहरू विभिन्न रूप र भेषमा भित्र पठाए । उनीहरूले विभिन्न लोभ र लालच देखाएर कीर्तिपुरका केही लोभी, विश्वासघाती, देशद्रोही जनतालाई हातमा लिए । पृथ्वीनारायण शाहले भित्रैबाट हमला गरी कीर्तिपुर कब्जा गरे ।

पृथ्वीनारायण शाहले अन्य राज्यमा व्यहोर्नु नपरेको पराजय यहाँ भोग्नु पर्नाका महत्त्वपूर्ण कारणहरूमा कीर्तिपुरका जनताको एकता र बलिदानी भावना हो भन्दा फरक नपर्ला । त्यो भन्दा महत्त्वपूर्ण प्रेरणादायक कारण वा पक्ष भनेको कीर्तिपुरका बहादुर छोरीहरू थिए । उनीहरू कीर्तिपुरको युद्धमा पुरुषको भेषमा लडेको कारण पृथ्वीनारायण शाहलाई युद्धमा हम्मेहम्मे भएको भनिन्छ । यही झोकमा उनले कीर्तिपुरका बहादुर जनताको नाक, कान, स्तन काटेर पासविक यातना दिएको सुनिन्छ । भनिन्छ, इतिहास हार्नेको होइन जित्नेको हुन्छ ।

कीर्तिपुर जनताको एकता र वीरताले नै पृथ्वीनारायण शाहले कीर्तिपुर जित्न हम्मेहम्मे भएको कुरा माथि उल्लेख भइसकेको छ । भनिन्छ, कीर्तिपुरको युद्धमा पृथ्वीनारायण शाहलाई कीर्तिपुरका जनताले पक्राउ गरेका थिए । कीर्तिपुरका जनताले मार्न लागेको बेलामा उनलाई जनताले राजालाई मार्ने अधिकार छैन; मार्न हुँदैन भनेर छोडिदिएका थिए । पृथ्वीनारायण शाहले कीर्तिपुर सजिलैसँग जित्न नसक्नुमा कीर्तिपुर जनताले आत्मसमर्पण गरेनन् बरु लडे, कीर्तिपुरका बहादुर छोरीहरूले पुरुषको भेषमा गोर्खाली सेनासँग वीरतापूर्वक लडे । ती बहादुर छोरीहरूले मुखमा आँखामात्र देखिने बाँदरे टाउकोरूपी टोपी (माक टपुली) लगाएर लडेको गोर्खाली सेनाहरूले थाहा पाएका थिए । तीनपटक आक्रमण गरेर कीतिपुर जितेपछि मात्र पृथ्वीनारायण शाहले वि.सं.१८२५ मा कान्तिपुर इन्द्रजात्राको दिन वि.सं. १८२६ मा ललितपुर हुँदै भक्तपुर जितेका थिए ।

इस्ट इन्डिया कम्पनीको अङ्ग्रेज सेनासँग वि.सं. १८१४ मा हाल भारतको उत्तराखण्डको देहरादुन नजिकैको नेपाली



भूमि नालापानी गढी जोगाउन बहादुर नेपाली छोरीहरूले सेनापति बलभद्र कुँवरको नेतृत्वमा वीरतापूर्वक लडेका थिए । बलभद्रको कमान्डमा रहेका छोरीलगायतका लडाकुहरूले कमान्डर मेजर जनरल जिलेस्पीको नेतृत्वमा आएको आधुनिक हतियारले सुसज्जित अङ्ग्रेज सेनासँग बहादुरीपूर्वक लडेका थिए । त्यस लडाइँमा कमान्डर जिलेस्पीलाई वीर नेपाली लडाकुहरूले मारिदिए । त्यसले नालापानी गढी कब्जा गर्न अङ्ग्रजेहरूलाई हम्मेहम्मे परेको थियो । यसरी आधुनिक हतियार र सैनिक बलले हराउन नसकेपछि अङ्ग्रेजहरूले नजिकैको गाउँलेलाई हातमा लिएर नाकाबन्दी र पानीको मुहान बन्द गरिदिए । त्यसविरुद्ध लडे । तर, आत्मसमर्पण गरेनन् । त्यसैले युद्धपछि अङ्ग्रेजहरूले बलभद्र कुँवरलाई 'Bravest of the brave' (वीरहरूमध्ये पनि वीर) उपाधि दिएका थिए ।

यही 'मजदुर' पत्रिकामा हामीले पढिसकेका छौँ कि सोभियत सङ्घकी जोया पनि कम बहादुर छोरी थिएनन् । उनले आफ्नो देश सोभियत सङ्घलाई बचाउन बलिदान दिइन् । उनको पूरा नाम जोया कस्मोदिम्यान्स्काया थियो । सन् १९२३ सेप्टेम्बर १३ मा रुसको ओसिनोगाइमा जन्मिएकी जोया दोस्रो विश्वयुद्धमा रुसको राजधानी मस्को हिटलरको नाजी सेनाको कब्जा भएको बेला उनी १८ वर्षकी थिइन् । युद्धको कठिन दिनमा पाइला पाइलामा मृत्युको डर थियो । सोभियत जनता नाजीविरुद्ध सङ्घर्षरत थिए । सोभियत गुरिल्लाहरूलाई सहयोग गर्न साहसिला योद्धाहरू शत्रु नियन्त्रित क्षेत्रहरूमा पस्थे । १८ वर्षीया जोया पनि धैर्य र साहसका साथ हिटलरको सेना नियन्त्रित क्याम्पहरूमा आक्रमण गर्दै अगाडि बढिन् ।

जोया प्राय: पुरुषको भेषमा हुन्थिन् । एक दिन जर्मन सेनाको क्याम्पमा आगो लगाउँदै हिँडेको अवस्थामा उनी पक्राउ परिन् । पुरुषको भेषमा पक्रिएको जोयालाई केटीको रूपमा पाउँदा जर्मन सेनाहरू तीनछक्क परेका थिए । सेनाको हरेक प्रश्नको जवाफ उनी निडरका साथ फर्काउँथिन् । हिटलरको क्रूर सेनाले उनलाई आत्मसमर्पण गर्नभन्दा उनले



अस्वीकार गरिन् । गुप्त सूचना र जानकारी हासिल गर्न सेनाले निकै प्रयत्न गर्‍यो । तर, जोया पटक्कै गलिनन् । अनि उनीमाथि अमानवीय यातना गरियो । उनको कलिलो शरीरमा कोर्दा बर्साइयो, हिउँमा नाङ्गै खुट्टा हिँड्न लगाइयो । उनको पिँठ्यू, खुट्टा हातलगायत जिउभरि कोर्दाका निलडाम थिए । चिउँदोमुनि सलाइ कोरी राखिदिन्थे । करौतीले पिठ्यूँमा रेट्थे । बन्दुकको नालको चुच्चोले घोच्थे । बर्बर यातना दिन्थे तर, पनि उनी झुकेनन् । बरू, यातना दिने जर्मन सैनिकहरू थाक्थे ।

केही दिनपछि नाजी सेनाले उनलाई पेटिस्चेभो भन्ने गाउँको माझमा फाँसीको तयारी गरे । उनको घाँटीमा 'भूमिगत दल' को सदस्य लेखेको व्यानर झुन्ड्याइदिए । त्यतिबेला नाजी सेनाहरू परिवर्तनकारीहरूलाई सजाय दिएको र फाँसीमा झुन्डयाएको फोटो खिच्न र खिचाउन खुब सोख राख्थे । फोटो खिचाउनेहरूको भिड लाग्न थाल्यो । जोयालाई फाँसीमा झुन्ड्याएको हेर्न गाउँले जनतालाई बाध्य पारिएको थियो । यस्तो समयमा समेत निकै साहसका साथ जोयाले सम्बोधन गरिन्, "तपाईंहरू किन दु:खी हुनुहुन्छ ?"

जर्मनको नाजी सेनाले हतियारको भरमा नियन्त्रणमा राखेका जनतालाई जोयाले उत्साहित गर्दै भनिन्, "मलाई हाम्रो मातृभूमि र तपाईंहरूको रक्षाको लागि मर्न पाएकोमा गौरवको अनुभव हुँदै छ ।" जोयाले निकै बहादुरीका साथ नेपालमा सहिद गंगालालले राणाहरूलाई भनेजस्तै जर्मन सेनाहरूलाई उल्टो आफ्नो अगाडि आत्मसमर्पण गर्न सुझाव दिइन् । सोभियत समाजवादको रक्षा आन्दोलनमा अन्तिम विजय सोभियत जनताकै हुने बताइन् । उनले भनेकी थिइन्, "मेरो फाँसीको बदला लिइनेछ । तिमीहरू मलाई मार्दै छौ । तर, याद गर म एक्ली छैन; मेरो पछाडि २० करोड सोभियत जनता छन् । सोभियत जनतालाई तिमीहरू मार्न सक्ने छैनौ ।"

अन्तत: उनलाई फाँसी दिइयो । यसरी शत्रु शिविरमा मारिने जोया आफ्नो सङ्घर्षमा विचलित भइनन् । उनले सङ्घर्षमा लाग्नेहरूप्रति विश्वासघात गरिनन् । शत्रु सेनाको कब्जाबाट देशलाई मुक्त गर्ने क्रममा उनले मृत्युलाई बहादुरीपूर्वक अँगालिन् । देशमा आमूल परिवर्तनको निमित्त सम्झौताहीन सङ्घर्ष, नि:स्वार्थ भाव र अर्थपूर्ण बलिदानी आवश्यक हुन्छ भन्ने शिक्षा र सन्देश उनले विश्वमा छरिन् ।

आज पनि नयाँ पुस्तामाझ जोया एउटा उदाहरणीय र अनुकरणीय पात्रको रूपमा प्रसिद्ध नाम हो । देशभक्त र परिवर्तनवादी नयाँ पुस्ताको हृदयमा बस्न सफल उनी जनताकी बहादुर छोरीको रूपमा विश्व प्रसिद्ध छिन् । देशको लागि बहादुरीपूर्वक लडेर वीरगति प्राप्त गरेकी जोयालाई सोभियत सरकारले 'सोभियत सङ्घकी नायिका' (Heroines of Soviet Union) विभूषणले सम्मान गर्‍यो । यस्ता जोयाहरू भियतनाम, उत्तर कोरिया, चीन, क्युवालगायतका देशहरूमा पनि पक्कै होलान् । जोयाको बहादुरीबाट पाठ सिकेर अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादसँग लडेर देशलाई जोगाउनु आवश्यक छ ।



# जारशाही संसद्मा बोल्शेभिक सांसद – २५


● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए । उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए । सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो । यसलाई चौथो ड्युमा/संसद् भनिन्छ । बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने । बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए ।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो । युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए । त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो ।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो । क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो । पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma) । यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा । यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो । अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ । सम्पादक)*




यस्तो स्थितिमा फुटका वास्तविक मतियार '७ मेन्शेभिकहरू' हुन् भनी दर्शाउनु नै सही राजनीतिक पाइला हुन्थ्यो ।

'प्राभ्दा' को प्रत्येक अङ्कमा मेन्शेभिक हमलाको प्रतिकार गर्न आह्वान गरिन्थ्यो । नेता स्तालिनले फेब्रुअरी २६ गते 'प्राभ्दा' पत्रिकामा लेख्नुभयो, "प्रत्येक वर्गसचेत मजदुरले (संसदीय) समूहभित्रको फुटपारुवा प्रयासविरुद्ध आवाज उठाउनुपर्छ चाहे यस्तो प्रयास जुनसुकै तप्काबाट किन नहोस् । यो सिलसिलामा सामाजिक जनवादी समूहको आधा हिस्सामाथि आक्रमण गर्ने सात सामाजिक जनवादी सांसदलाई यस अर्थमा अनुशासित पार्नु वर्गसचेत मजदुरहरूको कर्तव्य हो । समूहको एकता जोगाउन मजदुरहरूले हस्तक्षेप गर्नैपर्छ । अब चुप लागेर बस्न मिल्दैन । अब पनि नबोल्नु अपराध हुन्छ ।"

हाम्रा पार्टी समितिहरूले कलकारखाना र ज्यासलहरूमा व्यापक प्रचारप्रसार अभियान चलाए । संसदीय समितिमा उठेका मतभेदबारे मजदुरहरूलाई बताइयो । मजदुर सांसदहरूले विघटनकारी पत्रिकामा भाग लिन किन अस्वीकार गरे भन्ने पनि खुलस्त राखियो । यसपछि सर्वत्र हाम्रो पक्षमा मजदुरहरूले प्रस्ताव पारित गरे । उनीहरूले मेन्शेभिकहरूको अडान र कार्यनीतिलाई अस्वीकार गरे । यो मामिलामा सेन्ट पिटर्सबर्गका कारखाना र ज्यासलहरूका प्रतिनिधिहरू मजदुर सांसदहरूसँग प्रत्यक्ष भेट गर्न आए । उनीहरूले यसअघि मेन्शेभिकहरूको पक्षमा लाग्ने मजदुरले समेत हस्ताक्षर गरेका ती प्रस्तावहरू हामीलाई देखाए । पिटर्सबर्गका मजदुरहरूको आवाजमा चाँडै दूरदराजका मजदुरहरूले पनि आफ्नो आवाज मिसाए ।

(कहलिएका मार्क्सवादी बुद्धिजीवी) प्लेखानोभले समेत (मेन्शेभिक पत्रिका) 'लुच' मा '७ मेन्शेभिकहरू' विरुद्ध लेखे ।

'लुच' मा मेन्शेभिकहरूमाथि आक्रमण भइरहँदा मजदुरहरूका बैठकहरूमा हाम्रो संसदीय समूहभित्र हामीविरुद्ध लडाइँ चलिरहेको थियो । एउटा मत बढी भएको फाइदा उठाउँदै मेन्शेभिकहरूले हामी मजदुर सांसदहरूको मुख थुन्न खोजिरहेका थिए । उनीहरू मिलेसम्म हामीलाई सदनमा बोल्नबाट रोक्न खोज्थे ।

सदनमा बोल्ने बेला हामीले सधैँजसो समूहको बहुमतसँग बाझाबाझ गर्नुपर्थ्यो । लामो र कठिन सङ्घर्षपछि मात्र उनीहरू हामीलाई बोल्न दिन राजी हुन्थे । यस्तो स्थितिमा बोल्शेभिकहरूले आफूले तय गरेको आजु पूरा गर्न हम्मेहम्मे पर्दै गयो । क्रान्तिकारी विचारको प्रचार गर्न संसद्को मञ्चलाई उपयोग गर्नु नै हाम्रो आजु थियो ।

हामीलाई सदनका बैठकहरूमा बोल्न नदिएर मात्र '७ मेन्शेभिकहरू' ले चित्त बुझाएनन् । उनीहरूले हामीलाई संसदीय आयोगहरूबाट बाहिर राख्न खोजे । यी आयोग खासमा प्रश्नको विषयमा छलफल गर्नका निम्ति खडा गरिएका थिए । यस्ता आयोगमा विभिन्न विधेयक, बजेट आदिबारे बहस हुन्थ्यो । यी आयोग स्थायी थिए र संसद्को पहिलो सत्रमै खडा गरिएका थिए ।

संसदीय आयोगहरूमा सरकार र अन्य स्रोतबाट ठूलो मात्रामा दस्ताबेज जम्मा हुन्थ्यो । सदनमा विचार राख्नका लागि पनि सांसदहरूले यी सामग्रीको जानकारी राख्न आवश्यक थियो । सरकारका प्रतिनिधिहरू आयोगको बैठकमा आउँथे र सांसदहरूले उठाएका प्रश्नको जवाफ र स्पष्टीकरण दिन्थे । थल र जल सेनाका आयोगलाई छोडेर बाँकी सबै संसदीय आयोगमा सामाजिक जनवादी समूहका प्रतिनिधि थिए । हामीले धेरै विरोध गर्दागर्दै पनि कालासय संसद्ले हामी सामाजिक जनवादी र त्रुदोभिकहरूलाई ती दुई आयोगमा राख्न मानेनन् ।

आयोगका कामकारबाहीमा हामीले प्रचारप्रसारका लागि प्रचुर सामग्री पाउँथ्यौँ । हामी ती सूचनाको प्रयोग गर्दै हाम्रो पत्रपत्रिकामा लेख्थ्यौँ । संसद्को सबैभन्दा भित्री घेराभित्र के हुँदै छ मजदुरहरूलाई बताउँथ्यौँ । तैपनि, '७ मेन्शेभिकहरू' संसद्का प्राय: सबै आयोगहरूमा समूहको तर्फबाट प्रतिनिधि बन्न मरिहत्ते गर्थे ।

सदनको पहिलो वर्ष संसद्का २६ आयोगमध्ये १९ आयोगमा समूहका प्रतिनिधि बने । बोल्शेभिकहरू बाँकी ७ आयोगमा मात्र समूहका प्रतिनिधि रहे । सामाजिक जनवादी समूहलाई दुई सीट छुट्याइएका आयोगमा समेत मेन्शेभिकहरू दुवै सीटमा बस्न खोज्थे । सबैभन्दा महत्त्वपूर्ण आयोग बजेट आयोग थियो । यो आफैमा छोटे संसद् थियो । संसदीय गतिविधिको एउटा प्रमुख अङ्ग थियो । सुरुसुरुका बैठकहरूमा चखाइद्जे र मालिनोभ्स्कीले यो आयोगमा हाम्रो समूहको प्रतिनिधित्व गरे । यतिले '७ मेन्शेभिकहरू' को चित्त बुझेन । त्यो वर्षको अन्त्यमा पेत्रोभ्स्कीलाई ठाउँ छोडेर मालिनोभ्स्कीले बजेट आयोगबाट राजीनामा दिए । तर, त्यो स्थानमा मेन्शेभिकहरूले आफ्नै प्रतिनिधिलाई निर्वाचित गरे ।

'७ मेन्शेभिकहरू' को समग्र व्यवहार मजदुर सांसदहरूको घाँटी थिच्नमै केन्द्रित थियो । हाम्रा प्रत्येक कार्यमा तिनीहरूले हलो अड्काइरहे । अन्तर्राष्ट्रिय समाजवादी ब्युरोमा पनि सामाजिक जनवादी समूहको प्रतिनिधिको रूपमा तिनीहरूले एकहट्टी गरे । ब्युरोको बैठकमा उनीहरू आफ्नै प्रतिनिधि पठाउँथे । त्यही प्रतिनिधिलाई विश्वले रुसी मजदुरहरूको वास्तविक प्रतिनिधि मान्नुपर्ने अवस्था थियो ।



सन् १९१३ को वसन्त यामको आगमनसँगै संसद्को हिउँदे अधिवेशन टुङ्गिन थाल्यो । त्यो बेलासम्म सामाजिक जनवादी समूहको किचलो सहिनसक्नु भइसकेको थियो । हाम्रो संसदीय समूहभित्रको दुर्दशालाई अझै सहँदै गए । हाम्रो गतिविधिका साथै समग्र क्रान्तिकारी आन्दोलनमा नोक्सानी पुग्ने पक्का भइसकेको थियो ।

चाँडै नै गर्मी बिदा सुरु भयो । यो बिदाले हाम्रो संसदीय समूहको अन्तिम फुटलाई केही समय स्थगनमा राखिदियो ।

### पाठ ७

### पोरोनिनो सम्मेलन

सम्मेलनको तयारी । पोरोनिनोमा । केन्द्रीय समितिको प्रतिवेदन । प्रमुख प्रस्तावहरू । '६ बोल्शेभिक' बारे छलफल । के हामीले संसदीय समूहको फुट स्वीकार्ने नै हो ?

सन् १९१३ को जून १५ को दिन संसदको गर्मी बिदा सुरु भयो । पार्टीको नियमित सम्मेलन संसद् स्थगनपछि हुने तय भएको थियो । सम्मेलनलाई गर्मीको अन्त्यतिर सारिएको थियो । हामी '६ बोल्शेभिकहरू' लाई आ-आफ्नो निर्वाचन क्षेत्रको भ्रमण सक्याएर सहभागी गराउन सम्मेलनलाई पछि सारियो । उनीहरूले आआफ्ना (प्रान्तका) स्थानीय समितिहरूमा संसदीय गतिविधिको रिपोर्ट दिनुपर्थ्यो र ती समितिको स्थिति बुझ्नुपर्थ्यो । स्थानीय समितिहरूमा संसदीय समूहभित्रको अवस्था खुलस्त राख्नु नै मजदुर सांसदहरूले यसपालिको मुख्य विषयवस्तु बन्यो । अर्कोतर्फ, यसरी जम्मा गरिएको जानकारीलाई सांसदहरूले आउँदो पार्टी सम्मेलनमा छलफलको सामग्री बनाउनुपर्ने थियो ।

सेन्ट पिटर्सबर्गबाट मजदुर सांसदहरू बाहिर जानाले गुप्त प्रहरीको चहलपहल एकाएक बढ्यो । प्रहरी विभागले स्थानीय अधिकारीहरूलाई आदेश दिएर हैरान पार्न थाले । हेर्नू, नियाल्नू, मनाही गर्नू आदि इत्यादि सुरु भयो । स्थानीय पार्टी समितिहरूलाई खतरामा नपारी हाम्रो जिम्मेवारी पूरा गर्न र साथमा प्रहरीको आँखा पनि छल्न असाध्यै गाह्रो थियो ।

हामी '६ बोल्शेभिकहरू' विभिन्न जिल्लाका मजदुर वर्गीय केन्द्रमा गयौँ; मजदुरका सभा र बैठकहरूमा बोल्यौँ; स्थानीय पार्टी अधिकारीहरूसँग विचार आदानप्रदान गर्‍यौँ । यति गरेपछि जनताको ठूलो हिस्सा बिस्तारै बोल्शेभिक पक्षमा आइरहेको हामीले देख्यौँ । '६ बोल्शेभिकहरू' ले सदनभित्र र बाहिर गरेको गतिविधिलाई स्थानीय सङ्गठनका बहुमत सदस्यहरूले सकारे । तीमध्ये केहीले त '७ मेन्शेभिकहरू' बाट तुरुन्तै अलग्गिनुपर्ने विचार समेत राखे ।

तैपनि, बहुमत मजदुरहरूले सामाजिक जनवादी समूहको एकतालाई जोगाउन एउटा अन्तिम प्रयास गर्नुपर्ने बताए । बाहिर देखाउनै भए पनि अन्तिम प्रयत्न जरुरी रहेको उनीहरूको राय थियो । संसदीय समूहमा बोल्शेभिक नेतृत्व कायम गर्न असम्भव ठहरिए कम्तीमा '७ मेन्शेभिक' लाई नोक्सानी गर्नबाट रोकेर बोल्शेभिक सांसदहरूले संसद्को अधिकतम उपयोग गर्न मिल्ने बताइयो । यति पनि गर्न नमिले पार्टीका अन्य सङ्गठनमा जस्तै सदनमा पनि मेन्शेभिकहरूबाट अलग्गिनुपर्ने बहुमत मजदुरहरूले बताए ।

हामीले भ्रमणको क्रममा पार्टी समिति र मजदुरहरूको सामान्य मनोदशाबारे थाहा पाएका कुराको सारसंक्षेप तयार पार्‍यौँ । यति गरेपछि सेप्टेम्बरको अन्त्यतिर हामी पार्टी सम्मेलनतर्फ प्रस्थान गर्‍यौँ । सम्मेलन पोरोनिनो गाउँमा हुँदै थियो । पोरोनिनो एउटा गाउँ थियो । यो गाउँ अस्ट्रियाको राजधानी क्राकोनजिकै रहेको गालिसियामा पर्थ्यो । लेनिन र केन्द्रीय समितिका अन्य केही सदस्य त्यही गुप्तबासमा हुनुहुन्थ्यो । प्रहरीको आँखा छल्न पोरोनिनो सम्मेलनलाई हामीले सधैँ अगस्त सम्मेलन भन्थ्यौँ । वास्तवमा त्यो सम्मेलन सन् १९१३ को सेप्टेम्बरमा भएको थियो । सम्मेलनमा पार्टी सङ्गठनका २५-३० प्रतिनिधि सहभागी थिए । गालिसियामै बस्ने लेनिन, जिनोभियभ र क्रुप्सकायाका साथै सम्मेलनमा कामेनेभ, शटमान, इनेसा अर्मान्दा, त्रोयानोभ्स्की, राज्मिरोभिच, हानेकी र अन्य पार्टी नेता आउनुभएको थियो । बोल्शेभिक सांसदहरूमध्ये सामोइलोभबाहेक सबैजना सम्मेलनमा उपस्थित भयौँ । सामोइलोभ बिरामी हुनाले उपस्थित हुन सकेनन् ।

क्राको सम्मेलनपछि झन्डै १२ महिना बितेका थिए । यसबिच रुसको क्रान्तिकारी आन्दोलनमा धेरै प्रगति भएको थियो । जनवरी ९ (आइतबारे हत्याकाण्डको स्मृति), अप्रिल ४ ( लेना नरसंहारको स्मृति) र मे १ मा भएका राजनीतिक हडताल निकै सशक्त थिए । बितेको वर्ष रुसी मजदुरहरूले पहिलोपल्ट अन्तर्राष्ट्रिय महिला दिवस मनाएका थिए । आर्थिक हडतालमा पनि मजदुरहरूको जुझारूपन र बलियो संयोजन देखिएको थियो । मजदुरहरूविरुद्ध पुँजीपतिहरूले तालाबन्दी जस्तो नयाँ अस्त्र प्रयोग गरेकोमा मजदुरहरूले बडो साहसका साथ इँटको जवाफ पत्थरले दिएका थिए । समग्रमा सन् १९१३ मा रुसका १० लाखभन्दा बढी मजदुर हडतालमा सहभागी भएका थिए । त्यसमध्ये राजनीतिक हडतालमा ५ लाख मजदुरले भाग लिएका थिए ।

सन् १९१३ मा पार्टी गतिविधि सबल, व्यापक र सुदृढ बन्यो । सङ्गठनका नयाँ समूहहरू बने । पुराना समितिहरू ठुला र प्रभावशाली बन्दै गए । मजदुरवर्गका सबै गैरकानुनी सङ्गठनहरूका साथै गुप्त सांस्कृतिक र शैक्षिक समाजहरूमा बोल्शेभिक प्रभाव बढ्यो । यो क्रान्तिकारी उभारको फलस्वरूप पोरोनिनो सम्मेलनमा ठुला धेरै विषयमा छलफल भयो । सम्मेलनमा सङ्गठन, कार्यनीति, प्रचारप्रसार, सङ्घर्ष आदि बहसका विषय बने ।

विभिन्न समितिका प्रतिवेदन वाचन सम्मेलनको पहिलो एजेन्डा बन्यो । सेन्ट पिटर्सबर्ग, मस्को, युक्रेन, पोल्यान्ड र युरोलका प्रतिवेदनबारे छलफल भयो ।

सम्मेलनका सबै प्रतिनिधि सेन्ट पिटर्सबर्गका मजदुरले गरेका हडताल र राजनीतिक गतिविधिबारे अवगत थिए । त्यसैले मेरो प्रतिवेदन मुख्यतया पार्टी सङ्गठनको अवस्था र सेन्ट पिटर्सबर्ग समितिका कामकारबाहीमा केन्द्रित गरेँ । क्राको सम्मेलनको निर्णय अनुसार समितिहरूको पुनर्गठनका लागि महत्त्वपूर्ण उपाय अवलम्बन गरिएको थियो र सेन्ट पिटर्सबर्ग सङ्गठन सदृढ पारिएको थियो । संसद्को उद्घाटनको बेलाजस्तो छिटफुट छापामार गतिविधि गर्न सम्भव थिएन । नेतृत्व अब कार्यकारी आयोगहरूमा केन्द्रित थियो । सेन्ट पिटर्सबर्ग समिति नार्भा, नेभा, भिबोर्ग र भासिल्योस्त्रोभ्स्की जिल्लासँग जोडिएको थियो । यी जिल्ला रुसका मुख्य मजदुर वर्गीय इलाका थिए । मैले त्यसबेला सेन्ट पिटर्सबर्गसँग मिलेर काम गरिरहेका दुई भूमिगत छापाखानाका गतिविधिबारे विस्तृत कुरा बताएँ । ती छापाखानाले मजदुर युनियनको गतिविधिसँग जोडिएका २० हजार पर्चा प्रकाशित गरेका थिए । साथै, मैले 'प्राभ्दा' लाई सहयोग, हडताली कोषको लागि गरिएको अपिल आदि बारे बताएँ ।






युद्धको विरोध, ज्याला, पेन्सन र सामाजिक अधिकारको पक्षमा र प्यालेस्टिनको पक्षमा युरोपेली देश इटालीमा देशव्यापी आमहडतालको क्रममा जेनवा सहरमा निक्लेको विशाल प्रदर्शन नोभेम्बर २८, २०२५ का दिन। प्रधानमन्त्री जर्जिया मेलोनी सरकारको दक्षिणपन्थी आर्थिक र विदेश नीतिको त्यस देशका प्रगतिशील विचारका जनता र मजदुरवर्गले निरन्तर विरोध प्रदर्शन गर्दै आएका छन्। *तस्विर : एएफपी/ पियरो क्रुसियाटी*

# ट्रम्पद्वारा 'तेस्रो विश्व' आप्रवासन स्थगित गर्ने घोषणा

वासिङ्टन, १२ मङ्सिर (एएफपी)। वासिङ्टनमा एक अफगान नागरिकले दुईजना नेसनल गार्ड सैनिकमाथि गोली प्रहार गरी एक जनाको हत्या गरेको घटनापछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार तीव्र प्रतिक्रिया जनाउँदै आफूले भनेका 'तेस्रो विश्वका देशहरू' बाट हुने आप्रवासन पूर्ण रूपमा रोक्ने घोषणा गरेका छन्।

उनको कडा प्रतिक्रिया दोस्रो कार्यकालमा उनले अघि बढाइरहेको आप्रवासन-विरोधी कठोर नीतिमा अर्को तीक्ष्ण मोडका रूपमा प्रस्तुत भएको छ। उनको प्रतिक्रियाले पूर्वराष्ट्रपति जो बाइडेन कार्यकालमा स्वीकृत 'लाखौं भर्ना' उल्ट्याउने चेतावनीसमेत दिएको छ।

राष्ट्रपति ट्रम्पले यसअघि वेस्ट भर्जिनियाबाट वासिङ्टनमा तैनाथ नेसनल गार्डकी २० वर्षीया साराह बेकस्ट्रोम घाइते हुने र त्यसपछि मृत्यु हुने दु:खद घटनाको पुष्टि गरिसकेको थिए। अफगानिस्तानमा अमेरिकी सेनासँग काम गरिसकेका २९ वर्षीय अफगान नागरिक सन्दिग्ध बन्दुकधारीका रूपमा पहिचान भएपछि एफबिआईले अन्तर्राष्ट्रिय आतङ्कवादी आशङ्कामा अनुसन्धान थालिएको जनाएको छ।

अधिकारीहरूले घटनालाई 'एम्बुस-शैली' आक्रमणका रूपमा वर्णन गरेका छन्। यसले अमेरिकी राजधानीमा तैनाथ सेनाको प्रयोग, आप्रवासन नीति र अफगान युद्धको दीर्घकालीन प्रभावजस्ता संवेदनशील राजनीतिक मुद्दाहरूलाई पुन: चर्चाको केन्द्रमा ल्याइदिएको छ।

राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जालमा लेख्दै भने, "म अमेरिकी प्रणालीलाई पूर्ण रूपमा पुन:स्थापित गर्नका लागि सबै तेस्रो विश्वका मुलुकहरूबाट आप्रवासन स्थायी रूपमा रोक्छु।" उनले तत्काल प्रभावबाट बाइडेन प्रशासनले स्वीकृत 'लाखौं प्रवेश' खारेज गर्ने र 'अमेरिकाका लागि शुद्ध सम्पत्ति नबन्ने' व्यक्तिहरूलाई हटाइने चेतावनीसमेत दिए।

यसैबिच युएस सिटिजनसिप एन्ड इमिग्रेशन सर्भिस (युएससिआइएस) का निर्देशक जोसेफ एडलोले ट्रम्पको आदेशअनुसार 'चिन्ता उत्पन्न गर्ने' प्रत्येक देशका नागरिकको ग्रिन कार्ड फाइलमा पुन: कठोर छानबिन सुरु गरिएको जानकारी दिए। उनका अनुसार अफगानिस्तान, क्युबा, हाइटी, इरान, म्यान्मालगायत १९ देश अहिले विशेष निगरानीको सूचीमा छन्। यीमध्ये धेरै राष्ट्र पहिले नै ट्रम्प प्रशासनको यात्रा प्रतिबन्ध सूचीमा परेका थिए।

बुधबारको आक्रमणमा गम्भीर घाइते भएका २४ वर्षीय सैनिक एन्ड्र्यु वोल्फ आफ्नै 'जीवनका लागि लडिरहेका' छन्। वासिङ्टन राज्यमा बस्दै आएका सन्दिग्ध बन्दुकधारी रहमानुल्ला लकानवालसमेत गम्भीर घाइते अवस्थामा छन्। अमेरिकी वकिल जेनिन पिरोका अनुसार लकानवालले ह्वाइट हाउसबाट केही ब्लक टाढा गस्ती गरिरहेका गार्डम्यानहरूलाई पोइन्ट ३५७ रिभल्भरले लक्षित रूपमा गोली हानेका थिए। उनी जीवित रहे सैनिकहरूको मृत्यु पुष्टि भएमा आरोप 'पहिलो दर्जाको हत्या' मा उकासिनेछ।

सिआइएका निर्देशक जोन र्‍याटक्लिफले सन्दिग्ध व्यक्ति अफगानिस्तानमा तालिबानविरुद्ध लड्ने सिआइए समर्थित 'साझेदार बल' का सदस्य रहेको र अफगान सहयोगीहरूको उद्धार कार्यक्रमअन्तर्गत अमेरिकाभित्र ल्याइएको पुष्टि गरे। र्‍याटक्लिफ, एफबिआई, होमल्यान्ड सेक्युरिटी तथा ट्रम्प नियुक्त अन्य अधिकारीहरूले बाइडेन प्रशासनको 'सुस्त र कमजोर' शरण नीतिले लकानवाललाई देशमा सजिलै प्रवेश गर्न दिएको आरोप दोहोर्‍याए।

यद्यपि अफगान पुन:स्थापनामा सहायक सङ्गठन अफगानइभाकले भने 'सबै अफगान आवेदकहरू अत्यन्त कडा सुरक्षा जाँचबाट गुज्रिनुपर्छ' भन्दै सम्पूर्ण समुदायलाई दोषारोपण नगर्न आग्रह गरेको छ। सङ्गठनका अनुसार लकानवाललाई शरण ट्रम्पकै प्रशासनमा सन् २०२५ अप्रिलमा दिइएको थियो र एक वर्षपछि स्थायी निवासका लागि योग्य हुने अवस्थामा थिए।

घटनापछि रक्षामन्त्री पिट हेग्सेथले वासिङ्टनमा थप ५०० सैनिक तैनाथ गर्दै कुल सङ्ख्या दुई हजार ५०० पुर्‍याइएको घोषणा गरे। राष्ट्रपति ट्रम्पले वासिङ्टनमा मात्र नभई लस एन्जलस र मेम्फिसलगायत डेमोक्रेट नेतृत्वका अन्य सहरहरूमा पनि सेना तैनाथ गरेका छन् र यस कदमले सङ्घीय सत्ता दुरुपयोग तथा अधिनायकवादी हस्तक्षेपका आरोपहरू तीव्र रूपमा बढाएका छन्।

# इन्डोनेसियामा बाढीका कारण मृत्यु हुनेको सङ्ख्या ८४ पुग्यो

मेडन, १२ मङ्सिर (एएफपी)। इन्डोनेसियाको सुमात्रा टापुमा आएको बाढी र पहिरोका कारण कम्तिमा ८४ जनाको मृत्यु हुनुका साथै दर्जनौं बेपत्ता भएको उद्धार अधिकारीहरूले शुक्रबार बताएका छन्।

इन्डोनेसियाको छिमेकी मुलुलुक मलेसिया र थाइल्यान्डमा पनि भारी वर्षाको कारण उत्पन्न विपदले यस क्षेत्रमा दर्जनौं मानिसहरूको मृत्यु भएको छ।

उत्तरी सुमात्रामा शुक्रबार सम्म मृतकको सङ्ख्या ६२ पुगेको र ९५ जना घाइते भएको स्थानीय प्रहरी प्रवक्ता फेरी वालिन्टुकानले बताउनुभएको छ।

बाढीका कारण वेपत्ता भएका कम्तिमा ६५ जनाको खोजी भइरहेको प्रवक्ता फेरी वालिन्टुकानलाई उदृत गर्दै एएफपीले जनाएको छ।

स्थानीय विपद् एजेन्सीका अनुसार पश्चिम सुमात्रामा कम्तीमा २२ जनाको मृत्यु भएको छ भने १२ जना बेपत्ता छन्।




वालिन्टुकानले उत्तरी सुमात्राका अधिकारीहरू "निकासी र सहायता प्रदान गर्ने कार्यमा केन्द्रित रहेको बताउनुभएको छ। उत्तरी सुमात्रामा, केही क्षेत्रहरूमा सञ्चारको पहुच विच्छेद भएको उहाँले बताउनुभएको छ।

सबैभन्दा बढी प्रभावित सहर सिबोल्गामा ३० जना भन्दा बढीको मृत्यु भएको उहाँले बताउनुभएको छ।

पश्चिम सुमात्रामा स्थानीय विपद् एजेन्सीका प्रमुख अब्दुल मलिकलाई उदृत गर्दै "२२ जनाको मृत्यु भएको र १२ जनाको खोजी भइरहेको एएफपीले जनाएको छ। भारी वर्षाले इन्डोनेसियाको पश्चिमी प्रान्त आचेमा पनि बाढी र पहिरो आउँदा लगभग एक हजार ५०० मानिसहरूलाई सुरक्षित स्थानमा सारिएको स्थानीय विपद् एजेन्सीले जनाएको छ।

एएफपीका अनुसार प्रान्तका केही भागहरूमा बिजुली सेवासमेत बन्द गरिएको छ। बिजुली कम्पनी पेरुसाहान लिस्ट्रिक नेगाराले यस हप्ताको सुरुमा आकस्मिक बाढीले प्रसारण टावरलाई प्रभावित गराएपछि बिस्तारै बिजुली आपूर्ति पुनर्स्थापना गर्न कर्मचारीहरू तैनाथ गरेको बताएको छ।

मौसमी वर्षाले थाइल्यान्डका केही भागहरू डुबानमा पारेको र दर्जनौंको मृत्यु भएको छ। मलेसियामा पनि बाढीले र कम्तिमा दुई जनाको मृत्यु भएको जनाइएको छ।

मध्य जाभामा भारी वर्षाका कारण आएको पहिरोका कारण कम्तीमा ३८ जनाको मृत्यु हुनुका साथै करिब १३ जना अझै बेपत्ता भएको जनाइएको छ।

## विश्व सङ्क्षेप

# वैश्विक पर्यटनमा निरन्तर वृद्धि : संयुक्त राष्ट्र

मेड्रिड, १२ मङ्सिर (सिन्हवा)। सन् २०२५ को पहिलो नौ महिनासम्म विश्वभरि पर्यटक आवागमन लगातार बढ्दै गएको संयुक्त राष्ट्र पर्यटनले बिहीबार सार्वजनिक गरेको नयाँ तथ्याङ्कले देखाएको छ।

संस्थाले आफ्नो त्रैमासिक पर्यटन सूचकमा उल्लेख गरेअनुसार, जनवरीदेखि सेप्टेम्बरसम्म १.१ अर्बभन्दा बढी मानिसले अन्तरदेशीय यात्रा गरेका छन्, जुन सन् २०२४ को त्यही अवधिको तुलनामा करिब ५ प्रतिशत बढी हो।

एशिया-प्रशान्त क्षेत्रमा महामारीपछिको सुधार जारी रहँदा आगमन ८ प्रतिशतले बढेको छ। यद्यपि यो सङ्ख्या सन् २०१९ का स्तरभन्दा अझै करिब १० प्रतिशत कम छ।

अफ्रिकामा पर्यटक आगमन उल्लेखनीय रूपमा बढेको छ–उत्तर अफ्रिकामा ११ प्रतिशत र सहारा दक्षिण अफ्रिकामा १० प्रतिशत वृद्धि दर्ता भएको छ। युरोप विश्वकै सबैभन्दा ठूलो गन्तव्य क्षेत्र रहँदै, सन् २०२५ को पहिलो नौ महिनामा ६२५ मिलियन पर्यटक भित्र्यायो, जुन अघिल्लो वर्षको तुलनामा ४ प्रतिशत बढी हो।

उत्तर अमेरिकामा करिब एक प्रतिशत कमी देखियो भने दक्षिण अमेरिकामा ९ प्रतिशत र मध्य अमेरिकामा ३ प्रतिशत वृद्धि दर्ता भएको छ। यी क्षेत्रमा केही लोकप्रिय गन्तव्यहरूमा यात्रु माग बलियो देखिएको छ।

संयुक्त राष्ट्र पर्यटनका महासचिव जुराब पोलोलिकासभिलीका अनुसार, "उच्च मूल्यवृद्धि तथा भू-राजनीतिक तनावका बाबजुद पनि यस वर्ष पर्यटक सङ्ख्या मात्र होइन, आम्दानीको हिसाबले पनि पर्यटन क्षेत्र अघि बढिरहेको छ। विशेष गरी अफ्रिका र युरोपले उल्लेखनीय उपलब्धि हासिल गरेका छन्," उहाँले भन्नुभयो।

संयुक्त राष्ट्र पर्यटनले सन् २०२५ भरिमा विश्व पर्यटन ३ देखि ५ प्रतिशतसम्म वृद्धि हुने अनुमान गरेको छ। तर, भू-राजनीतिक अनिश्चितता र उच्च खर्चले क्षेत्रमा केही जोखिम कायम रहने चेतावनी पनि दिइएको छ।

# संयुक्त राष्ट्रसङ्घद्वारा इमरान खानको मानव अधिकारको संरक्षण र सम्मान गर्न आह्वान

न्युयोर्क (अमेरिका), १२मङ्सिर (एएनआई)। संयुक्त राष्ट्रसङ्घका उप प्रवक्ता फरहान हकले पाकिस्तानका पूर्व प्रधानमन्त्री इमरान खानको मानव अधिकारको सम्मान सुनिश्चित गर्न विश्व निकायले पाकिस्तानी अधिकारीहरूलाई आग्रह गरेको पुष्टि गर्नुभएको छ।

गिरफ्तारी र चलिरहेको कानुनी कार्यवाही उहाँको मानव अधिकार पछिको विषय भएको भन्दै संयुक्त राष्ट्र सङ्घले यस्तो राजनीतिक रूपमा संवेदनशील मामिलाहरूमा कानुनअन्तर्गत निष्पक्ष व्यवहार र प्रक्रियात्मक निष्पक्षता आवश्यक रहेकोमा जोड दिएको छ।

एएनआईको प्रतिक्रियामा, संयुक्त राष्ट्रसङ्घका उप प्रवक्ता हकले भन्नुभयो "हामीले उहाँको मानव अधिकारको सम्मान गर्न आह्वान गरेका छौं।"

पाकिस्तानका केही भागहरूमा अशान्ति बढ्दै जाँदा विधिको शासन, निष्पक्ष मुद्दाको अधिकार कायम राखी शान्तिपूर्ण भेला र विरोध प्रदर्शनलाई अनुमति दिन संयुक्त राष्ट्रसङ्घले विज्ञप्तिमार्फत अपिल गरेको जनाइएको छ।

सन् २०२२ मा प्रधानमन्त्रीको पदबाट हटाइएपछि खानले धेरै आरोपहरूको सामना गर्नु परेको छ। उहाँका कानुनी समर्थकहरूले कार्यवाही राजनीतिबाट प्रेरित रहेको र अन्तर्राष्ट्रिय निकायहरूले-संयुक्त राष्ट्रसँग सम्बन्धित संस्थाहरू सहित-अधिकारीहरूलाई मनमानी हिरासत र निष्पक्ष परीक्षण अधिकारको अस्वीकार जस्ता उल्लङ्घनको आरोप लगाएका छन्।

यसैबिच पूर्व प्रधानमन्त्री इमरान खानका कान्छो छोरा कासिम खानले समाजिक सञ्जाल एक्समार्फत सरकारले परिवारका सबै सुविधाहरू काटेर आफ्ना बुबालाई पूर्ण एकान्तबासमा राखेको दाबी गर्नुभएको छ।

# दक्षिणी सिरियामा इजरायली सेनाको आक्रमणमा १० जनाको मृत्यु

दमास्कस (सिरिया), १२ मङ्सिर (एएफपी)। दक्षिणी सिरियाको बेइट जिन गाउँमा इजरायली सेनाले गरेको आक्रमणमा कम्तीमा १० जनाको मृत्यु भएको सिरियाली सरकारी टेलिभिजनले शुक्रबार जनाएको छ। मृतकमध्ये महिला र बालबालिका पनि रहेको उल्लेख गरिएको छ। स्थानीय अधिकारीहरूका अनुसार धेरै पीडितहरू भग्नावशेषमुनि फसिरहेका छन् र घटनापछि दर्जनौं परिवार गाउँ छोडेर नजिकैका सुरक्षित स्थानतर्फ भागेका छन्।

इजरायली कारबाहीमा छ जना सिरियाली सैनिक घाइते भएका छन्। इजरायली सेनाले जारी गरेको विज्ञप्तिमा लेबनानी इस्लामवादी समूह जामा इस्लामियाका संदिग्धहरूलाई नियन्त्रणमा लिन चलाइएको विशेष अपरेसनका क्रममा रातारात कम्तीमा छ जना आफ्ना सैनिक घाइते भएको जनाएको छ। तीमध्ये तीनजनाको अवस्था गम्भीर बताइएको छ। सेनाले उक्त समूहले दक्षिणी सिरियामा बसेर इजरायली नागरिकहरूविरुद्ध हमला गर्ने तयारी गरिरहेको आरोप लगाएको छ।

स्थानीय अधिकारी अब्दुल रहमान अल-हम्रावीलाई उद्धृत गर्दै एएफपीले दिएको जानकारी अनुसार, इजरायली सैनिकहरूले बेइट जिनमा तीन जना युवकलाई पक्राउ गर्न छापा मार्दा स्थानीय बासिन्दासँग झडप भएको थियो। झडपपछि इजरायली सेनाले तोपखाना र ड्रोन प्रयोग गर्दै गाउँ वरपर गोलाबारी गरेको बताइएको छ।

डिसेम्बर २०२४ मा सिरियाली नेता बशर अल-असदको पतन र दमास्कसमा नयाँ इस्लामवादी नेतृत्व आएपछि इजरायलले सिरियाभित्र सयौं सैन्य कारबाही गरिरहेको सरकारी स्रोतले जनाएको छ।

# शिक्षकलाई मात्र दोष नलगाऔँ

✍ इकुश्रे

*अब एउटा कुरा खुलाएर भन्नैपर्छ – शिक्षकलाई गाली गरेर मात्र शैक्षिक गुणस्तर सुध्रिँदैन । बरु, शिक्षकसँग सहकार्य गर्नुपर्छ । उनीहरूसँग सहयोग गर्नुपर्छ । उनीहरूलाई सम्मान दिनुपर्छ र समझदारी गर्नुपर्छ । समाज हरेक दिन शिक्षकलाई दोष लगाइरहेको छ तर अझै पनि आशा भने शिक्षककै काँधमा टोलाइरहेको छ ।*

समाजसँगै समय बदलिएको छ । तर, यो परिवर्तनले शिक्षकको भूमिकालाई सहज बनाएको छैन । सधैँजसो अनुशासन, सम्मान र मेहनतका कुरा सिकाउँदै आएका शिक्षक अहिले उल्टै कठघराबाट न्यायका लागि गुहार माग्ने अवस्थामा पुगेका छन् । विद्यालयमा देखिने हरेक समस्या, हरेक असफलता, हरेक गल्ती सबैको दोष शिक्षककै काँधमा थुपारिन्छ । हामी जति अघि बढ्ने अपेक्षा राख्छौँ, त्यत्तिकै पछाडि धकेलिन्छौँ । अनि फेरि भनिन्छ, शैक्षिक गुणस्तर किन सुधारिएन ?

आजका विद्यार्थीहरूको जीवनशैली, पारिवारिक संस्कार, सामाजिक परिवेश र प्रविधिको प्रभाव यति जटिल र अनियन्त्रित बन्दै गएको छ कि कक्षामा बस्ने एउटा बालकको मनोविज्ञान बुझ्न मात्रै पनि शिक्षकलाई कति ऊर्जा खर्चनुपर्छ, त्यो सामान्य दर्शकले कल्पना पनि गर्न सक्दैन । तर, आम अभिभावक र समाजको बुझाइ सरल छ, “मास्टरले ठीकसँग हेरेन, त्यसैले बच्चा बिग्रियो ।” यही एक वाक्यले शिक्षकको महिनौँको मेहनत, निरन्तर प्रयास र थकानलाई शून्यमा पुऱ्याइदिन्छ ।

विद्यालयमा देखिने घटनाहरू नियाल्ने हो भने समस्या धेरैजसो घरबाट सुरु हुन्छ । एउटा विद्यार्थी चर्पीमा लुकी-लुकी चुरोट तानिरहेको पाइन्छ । शिक्षकले समात्छन्, सचेत गराउँछन्, अभिभावकलाई बोलाउँछन् । सुरुमा अभिभावक रुष्ट हुँदै घोक्रो फुलाउँछन्, “हाम्रो बच्चा त्यस्तो काम गर्नै सक्दैन !” तर, प्रमाण देखेपछि भने जिम्मेवारी शिक्षककै काँधमा बोकाइन्छ, “हामीबाट सम्भव भएन, अब तपाईंले सुधारिदिनुहोस्, जे गरेर भए पनि । भएन भने थप्पड पनि लगाउनु होला ।” तर, अर्को दिन त्यही विद्यार्थी गलत काममा समातिँदा शिक्षकले सजाय दिन खोज्छन्, त्यतिबेला अभिभावक नै फेरि दलबलसहित विद्यालय पुग्छन्, “हाम्रो बच्चालाई पिट्ने कुन मास्टर हो ?” क्षतिपूर्ति तिर्न बाध्य शिक्षक, अपमानित शिक्षक र “अबदेखि विद्यार्थीलाई छुँदैनौँ” भनेर कागजमा हस्ताक्षर गर्न बाध्य शिक्षक । यही हो आजको शैक्षिक वास्तविकता । जुन समाज आफ्ना बालबच्चा सुधार्नुपर्ने जिम्मा शिक्षकसँग राख्छ, त्यही समाज शिक्षकलाई अपराधीझैँ व्यवहार गर्छ ।

अत्यधिक स्वच्छन्दताले विद्यार्थीहरूमा अनुशासनको संस्कार बिस्तारै क्षीण बन्दै गएको छ । चुरोट तान्दै, ट्याटु हान्दै, सामाजिक सञ्जालमा अनावश्यक भिडियो बनाउने जमात बढ्दै गएको छ । यस्तो व्यवहारलाई रोक्न खोज्ने शिक्षक नै समस्या ठहरिन्छन्, रोक्दैनन् भने पनि दोष त्यहीँ पुग्छ – “मास्टरहरूले हेरेका छैनन् ।” एउटा कुहिएको आलुले पूरा बोरा दुर्गन्धित बनाइदिएझैँ, गलत सङ्गतमा परेका केही विद्यार्थीले विद्यालयको परिवेश नै अस्वस्थ र अस्तव्यस्त बनाइदिन्छन् । शिक्षकले के गरोस् ! समस्या थप्ने विद्यार्थीलाई विद्यालयबाट निकाल्ने कुरा पनि भएन । पढ्ने अधिकार हनन होला । अनि जब शैक्षिक गुणस्तर खस्कन्छ, अभिभावक, स्थानीय सरकार, नीति-निर्माता, युट्युबर सबैका औँला शिक्षकतिरै सोझिन्छन् ।

देशमा शैक्षिक नीति निर्माण हुन्छ, भइरहन्छ । बैठक बस्छ, विज्ञका नाममा भत्ते विशेषज्ञहरूको टोली विदेश अध्ययन भ्रमणमा पठाइन्छ । फर्किएपछि ‘पूर्ण बालमैत्री वातावरण बनाउनू’ भन्ने सामान्य निर्देशन जारी हुनसक्छ । त्यो निर्देशनलाई गाउँका ‘छोटे राजाहरू’ अर्थात् स्थानीय तहका नेता र पदाधिकारीले कागजकै आधारमा शिक्षकलाई धम्की दिन थाल्छन् । युट्युबरहरूले क्यामेरा ठड्याएर ‘शिक्षकको कमी’ देखाउँदै भ्युज कमाउन थाल्छन् । कुनै शिक्षामन्त्री वा शिक्षाविद्‌ले शिक्षककै विरोध गरेर भाषण गर्न सक्छन् । ती भाषण सुन्दा लाग्छ, शिक्षा सुधार भनेको केवल भाषणकै कुरा हो । उनीहरूलाई न विद्यालयको कष्ट बुझ्नु छ न शिक्षकको पीडा ।

यता शिक्षक आफ्नो पीडा बोकेर पुन: कक्षामा फर्किन्छन् । आफ्ना आँसु भित्री मनमा टल्क्याउँदै, अपमानलाई भुल्दै, ‘मबाट जति सकिन्छ गर्छु’ भन्ने दृढताका साथ फेरि विद्यार्थीलाई हेर्दै, बुझ्दै, सिकाउँदै जान्छन् । शिक्षकको हृदय जलेर खरानी भए पनि, उनकै मनले उज्यालो छर्ने दियो बन्दै रहन्छ । समाजले चाहे जति दोषारोपण गरोस्, शिक्षक भने कहिल्यै हार मान्दैनन् ।

अब एउटा कुरा खुलाएर भन्नैपर्छ – शिक्षकलाई गाली गरेर मात्र शैक्षिक गुणस्तर सुध्रिँदैन । बरु, शिक्षकसँग सहकार्य गर्नुपर्छ । उनीहरूसँग सहयोग गर्नुपर्छ । उनीहरूलाई सम्मान दिनुपर्छ र समझदारी गर्नुपर्छ । समाज हरेक दिन शिक्षकलाई दोष लगाइरहेको छ तर अझै पनि आशा भने शिक्षककै काँधमा टोलाइरहेको छ । अन्त्यमा एकपटक आफूले आफैँलाई सोधौँ,

- विद्यार्थी बिग्रिएको छ भने दोष शिक्षकको मात्र हो कि समाजकै सामूहिक जिम्मेवारी ?
- शिक्षकलाई निरन्तर अपमानित गर्दा शिक्षालाई उज्यालो बनाउने शक्ति कसरी टिकिरहला ?
- यदि कसैले शिक्षकलाई गाली गर्न चाहन्छ भने पनि कम्तीमा एक पटक सोच्नुपर्छ, आफूले गाली गरिरहेको त्यो व्यक्ति आज पनि कसैको भविष्य बचाउन आफ्नो जीवन अर्पिरहेको छ ।

लघु कथा

## अफ्रिकाको लागि शिरपेच

✍ बर्नार्ड दादी

म तिम्रो लागि एउटा शिरपेच गुँथिदिन्छु
तेजपात र हिबिस्कुसको
खुला पङ्खी पुतलीको जडाउ भएको,
र भएको स्थिरता फुलेको झाडीको ।

म तिम्रो लागि एउटा पन्नारङ्गी शिरपेच गुँथिदिन्छु
अतालान्ताको ढुकुटीका मोती भएको ।
एउटा शिरपेच मेरो आँसुका लहरीको ।
र एउटा माला
गुलाफी वसन्तहरूका गीतको
र छालहरूका स्वच्छताको ।

म तिम्रो लागि एउटा शिरपेच गुँथिदिन्छु
नीलो आकाश र नीलकान्त माणिको
र उत्तेजनाको वायुको
सुगन्धी उषाकालको जसमा प्राणीको सासले
रूप लिन्छ हावामा ।

म तिम्रो लागि एउटा शिरपेच गुँथिदिन्छु
लय र सुरको वसन्तका गीतहरूको
जसले जलन गराइदिन्छ हृदय बुलबल चराको
बिहाको झुम्कादार लुगा लगाएको,
र भुवाका चप्पलको
रिसाएकी सिंहिनीको ।

म तिम्रो लागि एउटा शिरपेच गुँथिदिन्छु
आगोको पवित्र ज्वालाको इन्द्रधनुमा मिसिएको,
पहिलेको सम्पन्न भएको समयको
धपक्क बलेको सहस वर्षको तातोपन
साथ लागेको ।

म तिम्रो लागि एउटा शिरपेच गुँथिदिन्छु
नीलो रङ्गका भोरहरूको
र एउटा कण्ठी गुँथिदिन्छु गुलाफी रङ्गका रत्नहरूको
जसलाई साहस गर्नेछैन कालले पनि दाग लगाउन कहिल्यै ।

म गुँथिदिन्छु तिम्रो लागि एउटा शिरपेच
फूलहरूका सारको
सहित लर्कन जीवन र मानव-बुद्धिले बनेको
एउटा शिरपेच गुँथिदिन्छु म तिम्रो लागि
उज्यालाका कोमल-कोमल किरणहरूको
उष्णकटिबन्धका टल्किने शुक्रताराले
झिलिकझिलिक गर्ने झिम्काइको कक्षमा
आकाशगङ्गाको
म लेख्छु
अक्षरमा आगोको
आगोको
तिम्रो
नाम
ओ, अफ्रिका !

*(‘अफ्रो-एसियन राइटिङ्स्’, वर्ष १ अङ्क १ बाट)*

## भुइँ मान्छे

✍ रामेश्वर जलन, बुङ्गमति

भुइँ मान्छे
श्रमको नदीमा पौडिएर
अनवरत पसिना बगाउँछ
बाँझो धर्तीमा अन्नका दाना उब्जाउँछ
आफू बाँचेर अरुलाई पनि बचाउँछ
भुइँ मान्छे
कलकारखानामा दसनङ्ग्रा खियाउँछ
आवश्यक वस्तु उत्पादन गर्छ
अहोरात्र काममा खट्छ
समाजको लागि आवश्यकता पूरा गर्न जुट्छ
भुइँ मान्छे
धर्मको पाखण्डी हुँदैन
धनको घमण्डी हुँदैन
सत्ता र राजनीतिको आडले उद्दण्ड हुँदैन
नियम, नीतिको विरोध गर्न सक्दैन
आफ्नै धरातलमा टेकेर हिँड्छ
आजीवनभर दु:ख, पीडा नै उसको जेथा हुन्छ
इतिहासमा नलेखिने उसको कथा हुन्छ !!

## घुइँचो छ यहाँ

✍ स्नेह

जिल्ला जिल्लाबाट हुलका हुल
काठमाडौँमा बसाइँ सर्नेहरू
घुइँचो छ यहाँ
डब्लूएचओको मापदण्ड नाघेको
प्रदूषणको वास्ता नगरी
सन्तुलित विकासविरोधी मूर्खहरूको ।

निर्वाचन जित्नका लागि
को कुन पार्टीमा प्रवेश रे
कुन पार्टी कुनसँग एकीकरण रे
भइरहेको छ यहाँ
आफू प्रधानमन्त्री र मन्त्री हुँदा
सिन्को भाँच्न नसकेकाहरू ।

मन्त्री बन्नको लागि यहाँ
पार्टी परित्यागको घुइँचो छ
सिद्धान्तहीनहरूको घुइँचो छ
अनैतिकहरूको घुइँचो छ
मानिसलाई खसी बोकाझैँ किनेर
चुनावको प्रपञ्च रच्नेहरूको ।

*२०८२ मङ्सिर १२*

लघु कथा

## ज्ञानबहादुरको आँपको रुख

✍ सत्य सुवाल

पहाडी डाँडाको फेदमा रहेको पुरानो बारीमा जेठ महिनाको मनसुनले माटोलाई आशिक दिएको थियो । ८० वर्षको ज्ञानबहादुर आफ्ना चाउरी परेका हातहरूले माटो खन्दै थिए, जसरी उनले जीवनभर सङ्घर्षको जमिन खने । उनले माटोमा एउटा सानो भविष्यको आशा बोकेको आँपको बिरुवा रोप्दै थिए ।

“हजुरबा ! तपाईं यो के गर्दै हुनुहुन्छ ?” कलेजबाट फर्केको नाति प्रदीप हतारिँदै नजिक आयो, “उसको आँखामा आजको पुस्ताको हतारो थियो । तपाईंको उमेर त ८० पुगिसक्यो । आज हो कि भोलि ठेगान छैन । तैपनि, यो आँपको बोट किन रोप्नुभएको ? तपाईंलाई यो आँप फलाएर खान सक्छु जस्तो लाग्छ र ?”

प्रदीपको प्रश्नमा तर्क थियो, तर ज्ञानबहादुरको उत्तरमा जीवनभरको अनुभव । उनले हाँस्नुको सट्टा गहिरो सास फेरे, त्यो सास जुन वर्षौँदेखिको अभावको पीडा र अधिकारको लडाइँ सहेर आएको थियो ।

हेर नाति, ज्ञानबहादुरले आँपको बिरुवामा माटो पुर्दै भने, “मलाई यो आँप फल्ने बेलासम्ममा यो धर्तीमा रहन्छु जस्तो लाग्दैन । बरु, मलाई यो लाग्छ कि मैले मेरो जीवनमा कहिल्यै मीठो आँप खान पाइनँ ।”

प्रदीप अलमलमा पर्यो । मीठो आँप त उनीहरूको बारीमा फल्छ ! हामी गरिब थियौँ । आँप लगाउने जग्गा थिएन । गाउँमा जमिनदारहरूको बारीमा फल पाक्दा मैले त्यो मिठो रसको स्वाद पाउन वर्षौं सङ्घर्ष गर्नुपर्यो । ज्ञानबहादुरको आवाजमा पुरानो सामन्ती व्यवस्थाले दिएको पीडा र गरिबीको मार मिसिएको थियो । मैले जीवनभर जुन मिठो आँप खाएँ, त्यो या त चोरीको जस्तो लाग्थ्यो या त कसैले दयाले दिएको । आफ्नै बारीको आँप खाने रहर मेरो र मेरा बाबुको पुस्ताले कहिल्यै पूरा गर्न पाएन । मेरो यो बोट रोप्नुको कारण यही हो– तिमीहरूको पुस्ताले पनि यस्तै अभाव र दु:ख पाउन नपरोस् ।

उनले बिरुवालाई समातेर नातिलाई हेरे । यो बिरुवा केवल आँपको बोट थिएन – यो अधिकारको बीउ थियो ।

बाबु, यही अभावको पीडाले मलाई सिकायो कि सबैभन्दा महत्त्वपूर्ण कुरा धैर्यको पाठ हो । तिमीहरूले अहिलेकै लागि मात्र होइन, दुई हजार कदम अगाडिको पुस्ताका लागि सोच्न सिक्नुपर्छ । आज आलु रोपेर भोलि नै उखेलेर फल लाग्यो कि भनेर हेरे जसरी हतारिएर हुँदैन । धर्तीलाई विश्वास गरेर पर्खिनुपर्छ ।

ज्ञानबहादुरले आफ्नो राजनीतिक चेतनाको उदाहरण दिए । उनको लागि आँपको बोट रोप्नु र सामाजिक/राजनीतिक आन्दोलनमा लाग्नु एकै अर्थका थिए ।

“हाम्रो समाजको परिवर्तन पनि मेरो यो आँपको बोटजस्तै हो । मैले जीवनभर मोहियानी हक आन्दोलन देखेँ । किसानहरूले आफ्नो जग्गामा हक माग्दा तत्काल कसैले दिएनन् । तर, वर्षौँसम्म पर्खिएर सङ्गठित भएर र न्यायको बीउ रोपिरहने विश्वासले मात्र उनीहरूले आफ्नो हक पाए । मैले खाएको अपुरो आँपको पीडा, उनीहरूको प्रेरणा बन्यो ।”

“त्यस्तै, बाली काट्ने आन्दोलन र भर्पाई आन्दोलन पनि हो । हामीले भर्पाई माग गर्दा दिएन । त्यो त भविष्यका पुस्ताले तीतो फल खान नपरोस् भनेर गरेको आन्दोलनको बीउ थियो ।”

“आज तिमी मेरो खेत मेरो जग्गा जमिन अहिले बेच्यो भने करोडौँको भन्छौ नि, त्यो अधिकार मेरो पुस्ताले भर्पाई आन्दोलनमा रोपेको आँपको फल हो । त्यो आँपको बोट मैले रोपेँ, ताकि मेरो नातिले अभावको पीडा भोग्न नपरोस् ।”

ज्ञानबहादुरले आँपको बिरुवालाई अन्तिमपटक पानी दिए । उनको अनुहारमा जीवनको थकान होइन, बरु अधिकार प्राप्तिको सन्तुष्टि झल्कन्थ्यो ।

“तिमीले पनि आफ्नो जीवनमा हतार गर्नुहुँदैन । आफ्नो काममा निरन्तर लागिरहनु । तिम्रो इमानदार प्रयासले तत्कालै फल नदिए पनि, त्यो प्रयास भविष्यमा तिम्रो छोरा-नातिलाई मिठो आँपको फल र शीतल छाया दिनेछ ।”

प्रदीपले हजुरबुबाको हातको बिर्सेको आँपको स्वाद सम्झने प्रयास गर्यो । उसले बुझ्यो, हजुरबुबाले आज रोपेको यो बिरुवा केवल आँपको बोट थिएन, यो त विगतको पीडाबाट जन्मेको भविष्यप्रतिको ठुलो आशा, अधिकारको बलिदान र सामाजिक परिवर्तनको प्रतीक थियो । ज्ञानबहादुरले आफ्नो जीवनभरको ‘अधिकारको फल’ अब आफ्ना पुस्तालाई सुम्पिँदै थिए ।

## अन्नको नाश

✍ गङ्गा

पख्नुहोस्, पख्नुहोस् एन्टी ! त्यो अन्न र खानेकुरा खोलामा नफाल्नुहोस् । भाइटीकाको भोलि पल्ट भाइटीकाका देउता, पितृका नाममा चढाएको अन्न, खानेकुरा खोलामा फाल्न आएकी अन्टीलाई खोलाछेउ खेल्दै बसिरहेकी नानीले रोकिन् र सोधिन, “एन्टी यहाँ यस्तो अन्न, खानेकुरा, फूल प्लास्टिकको झोलासहित खोलामा किन फाल्नुहुन्छ ? के यो यहाँ देउता, पितृ आएर हामीले जस्तै खान आउँछ ? प्लास्टिकको झोलाले खोला फोहर हुँदैन र ?

ती नानीको प्रश्नको जवाफमा अन्टीले भनिन्, यो देउता, पितृलाई खुवाउन यहाँ नदी, खोला, तलाउमा फाल्ने गरिन्छ । यो हाम्रो धर्म, संस्कृति हो । त्यहीअनुसार म यहाँ अन्न, खानेकुरा फाल्न आएकी हुँ । ती नानीले खोलामा त्यसरी फालिराखेको करिब एक डोको खानेकुराको थुप्रो देखाउँदै सोधिन्, “खोइ त एन्टी ! देउता, पितृले खान आएको, त्यो त सबै खेर गयो । त्यो अन्न, खानेकुरा त सबै त्यसै खेर गयो नि होइन र एन्टी ?

फेरि नानीले मर्मस्पर्शी कुरा बताइन्, “एउटा अन्नको गेडो फलाउन कति समय लाग्छ, कति पसिना बगाउनु पर्छ । त्यो त हामीलाई भन्दा एन्टीहरूलाई बढी थाहा होला, भोग्नु भएको होला । फेरि प्लास्टिकका झोलाहरू यसरी जथाभावी नदी, खोला, तलाउमा फाल्दा पानी फोहर हुन्छ । श्राद्धलगायतका भोजको यस्तै देउता, पितृका नाममा दोबाटो, चौबाटोमा फाल्दा एकातिर अन्नको नाश हुन्छ भने अर्कोतिर फोहर, दुर्गन्ध हुन्छ, अशोभनिय हुन्छ । बरु हाम्रो संस्कृति, धर्म पनि जोगिने गरी नाममात्रको चढाउँदा कसो होला ? त्यसले अन्नको नाश पनि हुँदैन, खेर जाँदैन, फोहर पनि हुँदैन ! होइन एन्टी ?

हो नानी, त्यसरी थाहा भएन । तिमीले भनेको कुरा सही हो । अबदेखि म त्यसरी फाल्न ल्याउँदिन र अरु दिदी बहिनीहरूलाई पनि सम्झाउँछु नानी भन्दै घर गइन् ।

# खवप कलेजमा रिसर्च एन्ड पब्लिकेसन्स विषयक दुईदिने कार्यशाला गोष्ठीको उद्घाटन



भक्तपुर, १२ मङ्सिर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाबाट सञ्चालित ख्वप कलेजको आयोजनामा भएको 'रिसर्च एन्ड पब्लिकेसन्स' विषयक दुईदिने कार्यशाला गोष्ठीको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा उहाँले विश्वविद्यालय र कलेजहरू अध्ययन तथा अनुसन्धान गर्ने थलो भएको बताउँदै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूले नयाँ–नयाँ विषयमा अध्ययन तथा अनुसन्धानमा जोड दिँदै आएको बताउनुभयो ।

अनुसन्धानमा अगाडि बढेको देशले छिटो प्रगति गर्ने बताउँदै उहाँले विद्यार्थीहरूलाई पाठ्यपुस्तक सँगसँगै व्यवहारिक, नैतिक ज्ञान र अनुशासन पनि सिकाउनुपर्ने बताउनुभयो ।

हरेक खालको चुनौती सामना गर्ने शिक्षा विद्यार्थीहरूलाई दिनु नै शिक्षकहरूको सफलता हुने बताउँदै उहाँले नपाले अध्ययन र अनुसन्धानको लागि कलेजलाई प्रोत्साहन गर्दै आएको बताउनुभयो ।

नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले गुणस्तरमा प्रतिस्पर्धाको नीति अवलम्बन गर्दै आएको बताउँदै उहाँले ख्वप सर्कलका हरेक विद्यार्थीलाई योग्य बनाउन शिक्षकहरू योग्य हुनुपर्छ भन्नुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले ख्वप कलेजले वार्षिकरूपमा विभिन्न विषयहरूमा कार्यशाला, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरू आयोजना गर्दै विद्यार्थीलाई अब्बल बनाउने प्रयत्न गर्दै आएको बताउनुभयो ।

कार्यशालाका स्रोतव्यक्ति डा. टीकाराम गौतमले कार्यशालाको महत्त्वमाथि प्रकाश पार्दै भक्तपुर नपाले देश र समाजमा समर्पित कलेजहरू स्थापना गरी नागरिकहरूलाई दिँदै आएको सेवा सुविधा उल्लेखनीय रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा शिक्षकद्वय सुन्दर श्रेष्ठ र कमिनिका न्याइच्याईंले पनि बोल्नुभएको थियो ।

# विशेषज्ञको अभाव हुँदा राष्ट्रिय प्रत्यारोपण केन्द्रको सेवा प्रभावित

काठमाडौँ, १२ मङ्सिर । विशेषज्ञको अभाव हुँदा सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको केन्द्रको सेवा प्रभावित भएको छ । केन्द्रमा विशेषज्ञ चिकित्सक अभाव भएपछि यहाँबाट प्रदान गरिँदै आइएको कलेजो प्रत्यारोपण रोकिएको हो ।

केन्द्रका कार्यकारी निर्देशक डा. कल्पना श्रेष्ठले केन्द्रका एक मात्र कलेजो प्रत्यारोपण विशेषज्ञ डा. पुकारचन्द्र श्रेष्ठको अवकाश भएपछि गत साउनदेखि कलेज प्रत्यारोपण रोकिएको जानकारी दिनुभयो । विसं २०७३ देखि केन्द्रमा कलेज प्रत्यारोपण हुँदै आएको थियो ।

उहाँले भन्नुभयो, "कलेजो प्रत्यारोपण गर्ने केन्द्रमा एक जना मात्र विशेषज्ञ चिकित्सक डा. श्रेष्ठ हुनुहुन्थ्यो । उहाँको अवकाश भएपछि अहिले कोही पनि सर्जन हुनुहुन्न । त्यही भएर हामीले अहिले कलेजो प्रत्यारोपण सेवा बन्द गरेका छौँ ।"

निर्देशक डा. श्रेष्ठले कलेजो प्रत्यारोपण रोकिएको जानकारी स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा. सुधा गौतमलाई पनि गराइसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "विभागीय मन्त्रालयसहित मन्त्रीलाई पनि हामीले कलेजो प्रत्यारोपण सेवा विशेषज्ञको अभावले रोकिएको जानकारी गराइसकेका छौँ । मन्त्री र सचिवले यस विषयलाई गम्भीरताका साथ लिँदै विशेषज्ञको खोजी गरिरहेको जनाउनुभएको छ ।"

निर्देशक डा. श्रेष्ठले कलेजो प्रत्यारोपण विशेषज्ञको खोजी भइरहे पनि अहिलेसम्म सेवा सञ्चालन भने गर्न नसकिएको बताउनुभयो । यसअघि केन्द्रबाट ३४ जनाको कलेजो प्रत्यारोपण भइसकेको छ । केन्द्रमा पहिले विदेशी चिकित्सकको सहयोगमा कलेजो प्रत्यारोपण गरिँदै आइए पनि अहिले नेपालका दक्ष जनशक्तिबाट सेवा प्रवाह हुँदै आएको थियो । नेपालमा सरकारी अस्पतालमा कलेजो प्रत्यारोपण त्रिवि शिक्षण अस्पतालमा पनि हुने गरेको छ । ***रासस***

# निर्वाचनका लागि मतदान केन्द्र निर्धारण र म्यादी प्रहरी भर्नाको तयारी

काठमाडौँ, १२ मङ्सिर । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतदान केन्द्र र निर्वाचन सुरक्षाका लागि म्यादी (अस्थायी) प्रहरीको सङ्ख्या यकिन गरी आवश्यक प्रक्रिया सुरु गर्न सम्बद्ध निकाय तयारीमा जुटेका छन् । यसअघिको पूर्वानुमानभन्दा नयाँ मतदाता थप भई सङ्ख्या बढेकाले एकीकृत निर्वाचन सुरक्षा योजनामा प्रक्षेपित एक लाख ३२ हजार म्यादी प्रहरी बढाउनुपर्ने आवश्यकता देखिएपछि सम्बद्ध निकाय तयारीमा जुटेका हुन् ।

गृह मन्त्रालयका सहसचिव एवं प्रवक्ता आनन्द काफ्लेले निर्वाचन सुरक्षा योजना कार्यान्वयनका क्रममा नेपाल प्रहरीले म्यादी प्रहरीको भर्ना प्रक्रिया सुरु गर्ने बताउनुभयो । नयाँ मतदाताको सङ्ख्यालाई आकलन गरेर म्यादी प्रहरीको सङ्ख्या बढ्न सक्ने उहाँले उल्लेख गर्नुभयो ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी अतिरिक्त महानिरीक्षक अबिनारायण काफ्लेले निर्वाचन आयोगले मतदान केन्द्र यकिन गरेपछि सुरक्षा संवेदनशीलताका आधारमा शीघ्र जिल्ला सुरक्षा समितिमार्फत म्यादी प्रहरीको भर्ना प्रक्रिया प्रारम्भ हुने जनाउनुभयो । उहाँले एकीकृत सुरक्षा योजना तथा म्यादी प्रहरी छनोटको मापदण्ड प्रदेश र जिल्लास्तरसम्म पुगेकाले थप हुने मतदान केन्द्रका आधारमा जनशक्ति स्पष्ट हुने बताउनुभयो ।

निर्वाचनका क्रममा कूल ४० दिन खटिने म्यादी प्रहरीले प्रहरी जवानले पाउनेसरह आधारभूत तलब, लत्ताकपडा, यातायात खर्चलगायत सुविधा पाउनेछन् । निर्वाचनका लागि नेपाल प्रहरीले ७१ हजारभन्दा बढी प्रहरी खटाउने तयारी गरेको प्रहरीका केन्द्रीय प्रवक्ता काफ्लेले जानकारी दिनुभयो ।

केन्द्रीय सुरक्षा समितिले निर्वाचनभन्दा पूर्व, निर्वाचनको अवधि र निर्वाचनपछि गरी तीन चरणको सुरक्षा योजना बनाएको छ । निर्वाचनका लागि सङ्घीय सरकारको सिफारिसमा राष्ट्रपतिबाट बिहीबार नेपाली सेना परिचालनको स्वीकृति भइसकेको छ । निर्वाचनको पहिलो घेरामा प्रहरी, दोस्रोमा सशस्त्र प्रहरी र तेस्रोमा सेना रहनेछन् भने म्यादी प्रहरीले नेपाल प्रहरीलाई सघाउनेछन् ।

यही मङ्सिर ५ गते सम्पन्न भएको मतदाता नामावली सङ्कलन कार्यमा फोटो तथा औँठाछापसहितको जैविक विवरण (बायोमेट्रिक्स) मार्फत तीन लाख ४४ हजार ९१४ र राष्ट्रिय परिचयपत्रमार्फत चार लाख ९२ हजार १८० नयाँ मतदाता थपिएका छन् । गत कार्तिक १६ गतेसम्म १८ वर्ष उमेर पूरा भएका नयाँ मतदाता मतदान नामावलीमा दर्ता भएसँगै कूल मतदाता एक करोड ८१ लाख ६८ हजार २३ पुगेको छ ।

आयोगले विवरणमा त्रुटि सच्याउन वा उजुरी दिन सकिने समय दिएपछि अन्तिम मतदाता नामावली सार्वजनिक गर्नेछ । विसं २०७९ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार ५७० मतदाता रहेका थिए । त्यसबेला १० हजार ८९२ मतदान स्थलमा २२ हजार २२७ मतदान केन्द्र तथा १४१ अस्थायी मतदान केन्द्र तोकिएका थिए । ***रासस***

***देशभर...***

तहसँग समन्वय र सहकार्य गरिएको मन्त्रालयका तथ्याङ्क शाखा प्रमुख रामकृष्ण रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार कृषि उत्पादन, पशुपालन, लागत, बजारीकरण, आम्दानी, सिँचाइ, पूर्वाधारको अवस्थालगायत विस्तृत विषयवस्तुलाई तथ्याङ्क सङ्कलन गरिने छ ।

गणकले किसानसँग प्रत्यक्ष भेटेर कृषि सर्वेक्षण गरिरहेका छन् । नमुना विधिका माध्यमबाट सङ्कलन गरिने तथ्याङ्कमा पहिलो चरणमा छ लाख किसान छनोट गरिने रेग्मीले जानकारी दिनुभयो । तीमध्येबाट ५१ हजार किसान छनोट गरी कृषि क्षेत्रमा उनीहरूको अनुभव तथा सरकारबाट प्रवाह गरिएका सेवा, सहुलियतमा लक्षित वर्गको पहुँच तथा समस्या पहिचान गरी आधिकारिक तथ्याङ्क सङ्कलन गरिने छ ।

राष्ट्रिय जनगणना र कृषि गणनापछिको महत्त्वपूर्ण राष्ट्रियस्तरको कार्यक्रमका रूपमा कृषि सर्वेक्षणलाई लिइएको छ । देशभर तथ्याङ्क सङ्कलन भएपछि त्यसलाई थप अध्ययन गरी अन्तिम परिणाम आगामी पुससम्म सार्वजनिक गरिने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले सर्वेक्षण तथा तथ्याङ्क सङ्कलनका लागि स्थानीय तहमा क्षमता अभिवृद्धि गर्न तालिम तथा आवश्यक प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ । कृषि नीति तथा योजना तर्जुमा गर्न वैज्ञानिक आधार तयार पार्न तथ्याङ्क महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ । ***रासस***

# श्रीलङ्कामा भीषण बाढी-पहिरो, ५६ जनाको मृत्यु



कोलम्बो, १२ मङ्सिर (एपी) । श्रीलङ्कामा लगातारको भारी वर्षापछि उत्पन्न बाढी र भूस्खलनबाट मृत्यु हुनेको सङ्ख्या ५६ पुगेको छ । देशका विभिन्न भागमा ६०० भन्दा धेरै घर क्षतिग्रस्त भएपछि सरकारले शुक्रबार सबै सरकारी कार्यालय तथा विद्यालयहरू बन्द गर्ने निर्णय गरेको छ ।

गत हप्तादेखि लगातार बिग्रिँदो मौसमका कारण श्रीलङ्का सङ्कटमा परिरहेको छ । बिहीबार परेको मुसलधारे वर्षाले घर, खेत तथा सडकहरू जलमग्न भएका छन् भने थुप्रै स्थानमा पहिरो खस्दा जनधनको ठुलो क्षति भएको छ । राजधानी कोलम्बोबाट करिब ३०० किलोमिटर पूर्वमा पर्ने बदुल्ला र नुवारा एलियाको मध्य पहाडी क्षेत्र विशेष प्रभावित बनेका छन् । त्यहाँ बिहीबार गएको पहिरोमा २५ जनाभन्दा बढीको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

सरकारको विपद् व्यवस्थापन केन्द्रका अनुसार बदुल्ला र नुवारा एलिया क्षेत्रमा २१ जना बेपत्ता र १४ जना घाइते भएका छन् । साथै, देशका अन्य धेरै भागमा खसेका पहिरोका कारण थप व्यक्तिले ज्यान गुमाउनुपरेको छ ।

लगातारको भारी वर्षाले जलाशय तथा नदीहरू भरिँदै गएको र सडकहरू अवरुद्ध भएको जनाइएको छ । ढुङ्गा, माटो तथा रुखहरू सडक र रेलमार्गमा खसेपछि थुप्रै ठाउँमा यातायात सेवा बन्द गरिएको छ, केही स्थानमा रेल सेवासमेत रोकिएको छ ।

स्थानीय टेलिभिजनले बिहीबार बाढीले घेरिएको घरको छतमा फसेका तीन व्यक्तिलाई श्रीलङ्का वायु सेनाको हेलिकप्टरमार्फत उद्धार गरेको दृश्य प्रसारण गरेको थियो । त्यस्तै, नौसेना तथा प्रहरीले पनि विभिन्न स्थानमा डुङ्गाको सहायताले बासिन्दाहरूलाई सुरक्षित स्थानमा सार्ने कार्य जारी राखेका छन् । पूर्वी सहर अम्पारा नजिकै बाढीको पानीले कार बगाउँदा तीन यात्रुको निधन भएको दृश्यसमेत बिहीबारको फुटेजमा देखाइएको छ ।

बढ्दो वर्षा र निरन्तर बिग्रँदो मौसमका कारण जोखिम अझै उच्च रहेको भन्दै अधिकारीहरूले सतर्कता अपनाउन आग्रह गरेका छन् ।

***भेनेजुयलामाथि...***

आरोप लगाउँदै प्रतिबन्ध लगाएको घोषणा गरेको छ ।

स्पेनिस एयरलाइन्स आइबेरियाले 'पूर्ण सुरक्षा सुनिश्चित भएपछि मात्र उडान पुनः सुरू गर्ने' भन्दै हाल भेनेजुयलामा उडान गर्नु उच्च जोखिम भएको उल्लेख गरेको छ ।

उडान स्थगनका कारण भेनेजुयलामा मात्रै करिब आठ हजारभन्दा बढी यात्रु प्रभावित भएको बताइन्छ । स्थानीय केही कम्पनीले सीमित उडान सेवा भने सञ्चालन गरिरहेका छन् ।

**हार्दिक समवेदना**



जन्म
२००९/१२/०८

निधन
२०८२/०८/०७

यस संस्थाका कर्मचारी छोरीमैया लवजुका पूज्य सासूआमा **कृष्णमाया लवजु**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**समय बचत तथा ऋण सहकारी संस्था लि.परिवार**
च्याम्हासिंह रोड–८, भक्तपुर

**हार्दिक समवेदना**



जन्म
१९८५/०९/१२

निधन
२०८२/०६/३०

यस समूहका हाम्रा मित्र कृष्णभक्त कोजुकी ममतामयी माता **बुद्धिमाया कोजु**को दुःखद निधन भएको आज ४५ औँ दिन (लत्या) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**ब्रह्मायणी पासा पुचः समूह**
भनपा–९, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु★सम्पादकः विष्णुगोपाल कुसी ★ कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखाः ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा